पत्रिका समयमा नपुगेमा मोबाइल नम्बर ९८१०२९०४७४ मा सम्पर्क गर्नुहोस्

समाजलाई जोड्ने सत्य सञ्चार

# टुडे एक्सप्रेस

राष्ट्रिय दैनिक

www.etodayexpress.com

इ-पेपर हेर्नका लागि

❑ वर्ष १६ ❑ अंक २७८ ❑ पृष्ठ ८ २०७८ भदौ ०९ बुधवार (2021 AUGUST 25 WEDNESDAY) ❑ मुल्य रु ५।-

एमालेको महाधिवेशन मंसिरमा, विधान महाधिवेशन 03 | बर्दिवास रेल्वे जग्गा विवाद : नयाँ दरमा मुआब्जा 05 | दिगो विकास लक्ष्यमा न्यून प्रगति 07

पत्रकार काण्ड

## प्रहरी प्रमुखदेखि पत्रकारसमेत शंकाको दायरामा

'अनुसन्धान फितिलो भएको महासंघ रौतहटको आरोप, महासंघको केन्द्रिय नेतृत्व पनि सक्रिय'

**धर्मेन्द्र कुमार साह** / रौतहट

साउन ३२ गते साँझ करिब साढे ७ बजे रौतहटबाट सञ्चालित एक अनलाइन पत्रिकाका संचालक मोहम्मद मोज्बुल्लाह लागुपदार्थ नाइट्रोभेटसहित पक्राउ परेको खबर सार्वजनीक भयो। सदरमुकाम गौर स्थित जिल्ला अदालत पछाडिको सडकबाट पत्रकार मोज्बुल्लाह र उनीसंगै रहेका अर्का एक जनालाई सदा पोशाकका घुमुवा प्रहरीहरूले पक्राउ गरेको थियो।

प्रहरीले जिल्लाको ईशनाथ नगरपालिका-८ का मोहम्मद मोजिबुल्लाह र राजपुर नगरपालिका-७ का शेख गुलाब भन्ने शेख अतिउल्लाहलाई १०५ थान लागूऔषध नाइट्राभेटसहित पक्राउ गरेको दावी गऱ्यो। जिल्ला प्रहरी कार्यालय रौतहटको टोलीले मोज्बुल्लाह सवार बिआर३०एस १८८५ नम्बरको भारतीय नम्बरको मोटरसाइकललाई चेकजाँच गर्दा लागूऔषध बरामद भएको दावी गरि रहँदा कतिपयले घटना जालसाजी रहेको भन्न भ्याइसकेको थिए।

घटनाको संवेदनशीलता बुझ्दै नेपाल पत्रकार महासंघ रौतहटको नेतृत्व घटनाको भोलि पल्ट बिहान करिब ९ बजे जिल्ला प्रहरी कार्यालयमा पुग्दासम्म प्रहरीले आरोपित दुवै जनालाई हिरासतमा राख्न अदालतबाट ८ दिनको म्याद लिसकेको थियो। घटनाको छानबिन नै नगरी हतारमा म्याद थप भएको देखेर महासंघ नेतृत्व त्यहि बेला नै हच्केको भएपनि महासंघको प्रतिरोधले औपचारिक रुप लिन सकेन।


यस बिचमा थुनामा रहेका पत्रकार मोज्बुल्लाहले भने भेट्न जानेहरूलाई आफु निर्दोष रहेको बताउँदै आएका थिए। उनको बारेमा पत्रकार महासंघ रौतहटको टोलीले प्रहरीसंग छलफल गर्न जाँदा प्रहरीको प्रस्तुती सामान्य भन्दा रुखो हुने गरेको अनुभव नेपाल पत्रकार माहासंघका अध्यक्ष प्रेमचन्द्र झाले सुनाए। प्रहरी नायव उपरीक्षक नारायण प्रसाद चिमोरियाले पत्रकार मोज्बुल्लाह अपराधि रहेको जस्तो व्यवहार गरेको र आफुहरूलाई समेत राम्रो व्यबहार नगरेको आरोप उनले लगाए।

तर मोज्बुल्लाह पक्राउ परेको ४ दिन पछि घटनाले फरक मोड लियो। जब प्रहरीले नै दुइ जना स्थानीयको सहयोगमा पक्राउ परेका मोज्बुल्लाहको गाडीमा नाइट्रोभेट राख्दै गरेको सिसिटिभी फुटेज सार्वजनिक भयो। अनि घटनामा प्रहरीको संलग्नताबारे छानबिन हुनु पर्ने भन्दै नेपाल पत्रकार महासंघले माग गर्न थाल्यो। पत्रकार मोज्बुल्लाहलाई प्रहरीकै उच्च अधिकारीको निर्देशनमा सादा पोशाकका घुमुवा प्रहरीले फसाएको भन्दै नेपाल पत्रकार महासंघ रौतहट शाखाले तत्काल रिहाई गर्न तथा दोषीलाई कार्वाहीको गर्न विज्ञप्ती निकालेर माग गर्यो।

सार्वजनिक भएको भिडियो फुटेजमा






नेपाल पत्रकार महासंघ
Federation Nepali Journalists (FNJ)

...नियतले अनुसन्धानको संज्ञा दिएर प्रेस रिलिज जारि गर्नेको हाम्रो ठहर छ।

घटनाका मुख्य दोषी जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रमुख सिद्धि विक्रम शाह रहेको कुरा अडियो सार्वजनिक भइ सकेको अवस्थामा निज एसपी साहलाई तत्काल निलम्बन गरि उच्च स्तरिय छानबिन समिति गठन गर्न नेपाल पत्रकार महासंघ रौतहट शाखा सम्बद्ध पक्ष सग जोडदार माग गर्दछ।

शैलेन्द्र झा, प्रदेश सदस्य — प्रेमचन्द्र झा, अध्यक्ष — प्रवीण कुमार शर्मा, उपाध्यक्ष — धर्मेन्द्र कुमार साह, कोषाध्यक्ष — विनय कुमार लाल दास

गौरमा रहेको ग्रिन सिग्नल होटेल अगाडि सडक पेटिमा रोकी राखिएको मोटरसाइकलमा केही व्यक्तीहरूले केही समानहरू झुण्डाइरहेको देखिएको थियो। भिडियो फुटेजमा सादा पोशाकका केही घुमुवा प्रहरीहरू उदय यादव र मनोज साहको पहिचान खुल्यो। उनीहरू सङ्गै रहेका अन्य घुमुवा प्रहरीहरूको पहिचान अझै हुन सकेको छैन।

बेलुकाको करिब ७ बजेको समयमा ती सादा पोशाकका घुमुवा प्रहरीहरू सङ्गै अरु दुई जना युवकहरू नाटकीय शैलीमा केही समानहरू पत्रकार मोजबुल्लाहको मोटरसाईकलमा झुण्डाइरहेको देखिन्थ्यो। सेतो हेल्मेट लगाई स्प्लेण्डर प्लस मोटरसाइकलमा आएका ती दुई जना युवाहरूले समान झुण्डाउनु भन्दा अगाडि र झुण्डाइ सकेपछी त्यही रहेका घुमुवा प्रहरीसङ्ग कुराकानी गरिरहेको देखिएको थियो। पत्रकार मोज्बुल्लाहलाई सो होटलका सञ्चालकले नै खानपिन गर्न बोलाएका थिए।

### अनि फेरी प्रहरी माथिनै तेर्सियो प्रश्न

पत्रकारको गाडिमा सुनियोजित रुपमा घुमुवा प्रहरीकै रोहवरमा लागुऔषध राख्दै गरेको भिडियो सार्वजनिक भएपछी नागरिक तहमा प्रहरीको व्यापक आलोचना भयो। पत्रकार महासंघले औपचारिक रुपमै निर्दोष पत्रकार मोज्बुल्लाहको निःसर्त सम्मानजनक रिहाई, घटनामा देखिएका दुवै घुमुवा प्रहरीको निलम्बन, प्रहरी नायब उपरीक्षक नारायण प्रसाद चिमोरियाको निलम्बन, घटनाको छानबिनको लागि निष्पक्ष स्वतन्त्र छानबिन समिति गठन लगायतका मागहरू राख्दै आन्दोलनमा जाने घोषणा गऱ्यो।

शनिवार बसेको पत्रकार महासंघ रौतहटको आकस्मिक बैठकले तत्काल पत्रकार मोज्बुल्लाहको रिहाईको माग गरेपनि आइतवार सार्वजनिक बिदा भएकोले सोमवार २ बजेसम्म मागहरू पुरा नभए आन्दोलनमा जाने चेतावनी सहितको व्यक्तव्य सार्वजनिक गऱ्यो। सामाजिक सञ्जालाहरूमा प्रहरी संगठनको व्यापक आलोचना भैरहँदा समेत प्रहरीले औपचारिक प्रतिक्रिया दिएन। यसबीचमा प्रहरीले भिडियोमा देखिएको सेतो हेल्मेट लगाएको व्यक्ति रहेको आशंकामा रौतहटकै माधव नारायण नगरपालिका बस्ने धिरज यादव र सर्लाही बस्ने जितेश यादवलाई पक्राउ गरि अनुसन्धान अगाडि बढाएको थियो। सोहि क्रममा प्रहरीले अर्का पत्रकार संजय सहनीको खोजि कार्य तिव्र बनायो। प्रहरीले पत्रकार संजय सहनीकै संलगनतामा पत्रकार मोज्बुल्लाहलाई फ़साइएको र प्रहरीलाई बदनाम गर्न घुमुवाले गैरव्यवसायिक चरित्र देखाएको भन्दै उनको खोजि तिव्र पारेको थियो। पत्रकार सहनी भने धिरज र जितेश पक्राउ परेको दिनबाटै सम्पर्कबिहिन बनेका थिए। यसबिचमा प्रहरीले उनको केहि साथी तथा आफन्तहरूसंग समेत केरकार गरि रह्यो। अहिले पनि संजय सहनी चढ्ने मोटरसाइकल प्रहरीकै नियन्त्रणमा छ।

### सहनी नै मुख्य योजनाकार रहेको प्रहरीको दावी

यसैबीच सोमवार प्रहरीले गरेको पत्रकार सम्मेलनमा घटनाको मुख्य योजनाकारको रुपमा पत्रकार संजय सहनीलाई प्रस्तुत गऱ्यो। साथै यस अघि पक्राउ परेका धिरज यादव र जितेश यादवलाई हिरासतमै राखेर निर्दोष देखिएको पत्रकार मोज्बुल्लाहलाई रिहाई गऱ्यो। प्रहरीको उक्त अनुसन्धान फितिलो र झुठो रहेको भन्दै पत्रकारहरूले आपति जनाए। पत्रकारहरूले घटनामा प्रहरी नेतृत्वकै संलग्नता देखिएको भन्दै उच्च स्तरिय छानबिन समिति नबन्दासम्म आन्दोलन जारी राख्ने चेतावनी थियो।

### प्रहरी उपरीक्षकलाई नै शंकास्पद बनाई दिने त्यो अडियो

प्रहरीको पत्रकार सम्मेलन चल्दै गर्दा सामाजिक सञ्जालाहरूमा दुई ओटा अडियो सम्वादहरू भाइरल बन्यो। दुवै अडियो संवादले घटनामा प्रहरी उपरीक्षककै संलागता रहेको शंकाहरू जन्माई दिए। साउन अन्तिम साता बिदामा जानु भन्दा पहिले उपरिक्षक शाहले नै योजना बनाएर आफु बिदा गएपछि सो काम सकाउन असई यादवलाई खटाएको र सोही अनुरुप योजनाबद्ध हिसाबले मोजिबुल्लाहलाई होटेलमा बोलाएर बाहिर उनको मोटरसाइकलमा लागुऔषध राख्न लगाइएको पत्रकार महासंघको अध्यक्ष प्रेमचन्द्र झाले आरोप लगाए। एसपी शाहले पत्रकार सम्मेलन मार्फत नै दोषी भनेका सहनीको मोबाइलमा घटनाको एक दिन पछि सम्पर्क गर्दै आफ्ना प्रहरी कर्मचारीले काम सम्पन्न गरेकोमा खुशी व्यक्त गरेका थिए। फोनमा उनले भनेका छन 'हिजो काम भएछ नी त है।'

एसपी शाहले सहनीलाई आफै फोन गर्दै कहाँ हो ? एक्लै हो की भनेर शुरुमा सोध्छन्। काम सके लगतै तत्कालै असइले आफुलाई फोन गरेको बताउँदै फोनमा उनले अगाडी भनेका छन 'अब अहिले जसको काम पक्षमा काम गऱ्यो राम्रो भयो, जसको अहितमा काम गऱ्यो उसले नराम्रो भन्न शुरु गरि हाल्छ नी।' उक्त अडियो सार्वजनिक भए लगतै प्रहरी उपरीक्षक शंकाको घेरामा परेका छन्।

### महासंघको केन्यि नेतृत्वको चासो

घटना प्रति नेपाल पत्रकार महासंघको प्रदेशदेखि केन्द्रिय समितिले समेत चासो देखाएको छ। केन्द्रिय समिति र प्रादेशिक समितिले भिडियो फुटेज सार्वजनिक भए लगत्तै प्रेस बिज्ञप्ति जारि गर्दै घटनाको निष्पक्ष र उच्च स्तरिय छानबिनको माग गरिसकेको छ। यसैबीच नेपाल पत्रकार महासंघका केन्द्रिय अध्यक्ष बिपुल पोखेलसहितको मिसन टोलि बिहिवार गौर आउन लागेका छन्। घटनाको निष्पक्ष छानबिनको मागसहित मिसन टोलीले घटनाको बारे बुझ्न रौतहट आउन लागेको हो।

## केपी कित्ता एकातिर र क्रान्तिकारी कित्ता अर्कोतिर : नेता नेपाल

**टुडे एक्सप्रेस** / काठमाण्डौ



प्रस्तावित नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले अब केपी ओली कित्ता एकातिर र क्रान्तिकारी कित्ता अर्कोतिर भएको बताएका छन्। उनले एमाले अध्यक्ष केपी शर्मा ओलीले एमाले पार्टीमा ढोका बन्द गरिदिएपछि बाध्य भएर नयाँ पार्टी खोल्नु परेको पनि बताएका छन्।

मंगलबार चन्द्रागिरीमा सञ्चारकर्मीहरूसँग कुरा गर्दै उनले एमालेका अध्यक्ष केपी शर्मा ओलीले एकलौटी रुपमा पार्टी कब्जा गरेको र आफूहरूलाई पार्टीबाट निष्कासन गरेका कारण बाध्य भएर नयाँ पार्टी खोल्नुपरेको बताएका हुन्। आफू लगायतका १४ सांसदलाई पार्टीबाट निष्कासन गरेपछि आफूहरूसँग नयाँ पार्टी दर्ता गर्नको विकल्प नरहेको उनले बताए। उनले भने, 'अब केपी ओलीले एकलौटी पार्टी कब्जा गर्ने स्थिति बनिसकेपछि, त्यहाँ जाने ढोका बन्द भइसकेपछि, त्यसमा पनि १४ जना सांसदलाई पूरै पार्टीबाट निष्कासन गरिसकेपछि, हामीलाई पनि पार्टीबाट पूरै निष्कासन गरिसकेपछि हाम्रो सामू अरु कुनै विकल्प बाँकी रहेन।'

निष्कासित भइसकेपछि हामीले कि त घुँडा टेक्नुपऱ्यो, कि चुप लागेर सडकमा बस्नुऱ्यो, कि त हामीले अर्को क्रान्तिकारी पार्टी निर्माण गर्नु पऱ्यो। नेपाली राजनीतिको, कम्युनिष्ट आन्दोलनको इतिहासमा विद्रोहीहरूले नै सफलता हासिल गरेको विगतको इतिहास, दक्षिणपन्थी अवसरवाद पराजित गरिएको त्यो इतिहासलाई हामीले साक्षी राखेर नयाँ कदम चाल्ने काम गरेका छौं। र, नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी) नामको पार्टी दर्ता गरेका छौं।'

अध्यक्ष नेपालले आफूहरूसँग एमाले विभाजनका लागि आवश्यक २० प्रतिशत संख्याभन्दा बढी केन्द्रीय कमिटी र संसद दुवैतिर पुग्ने दाबी पनि गरे। उनले एमाले एकीकृत बनाउन भन्दै वार्तामा जुटेका र वार्तामा नजुटी भूमिका खेलेका नेताहरूसँग पनि एकताबद्ध भएर जाने कोसिस गरिरहेको उल्लेख गरे। केपी ओली र आफूहरूको कित्ता छुट्टिएको उल्लेख गर्दै उनले आगामी दिनमा अन्य वामपन्थी पार्टीहरूसँग चुनावी तालमेल गर्न तयार रहेको बताए।

उनले भने, 'चाहे वार्तामा जुट्नुभएका कमरेडहरू हुनुहोस्। चाहे वार्तामा नजुटेर पनि भूमिका खेल्नुभएका कमरेडहरू हुनुहोस्। सबै मिलेर हामी एकताबद्ध भएर जाने कोसिसमा छौं। अब केपीको कित्ता एकातिर भएको छ र अर्को क्रान्तिकारी कित्ता अर्कोतिर भएको छ। कम्युनिष्ट पार्टीको पुर्नगठनको नयाँ अभियान सुरु भएको छ। यो पुनर्गठित कम्युनिष्ट पार्टीले अब अरु वामपन्थी पार्टीहरूसँग भोलि चुनावी तालमेल पनि गर्नेछ र अरु लोकतन्त्रको रक्षाको लागि, संविधान, राष्ट्रियता, संघीयताको रक्षाका लागि, समाजवादको दिशामा अघि बढ्नका लागि सोच र मान्यताका साथ हामी अगाडि बढेका छौं।'

नेता नेपालले एमाले अध्यक्ष ओलीको विचार र धारणामा परिवर्तन आएमा पार्टी गठन गर्ने बित्तिकै ओलीसँग पनि एकताको निम्ति तयार रहेको बताए। उनले आफूहरूलाई पार्टी गठन गर्न नदिएर घर न घाटको बनाउने षडयन्त्र भएको भन्दै षडयन्त्रलाई चिरेर पार्टी निर्माण गर्ने पनि बताए। उनले वाग्मती प्रदेशकी मुख्यमन्त्री अष्टलक्ष्मी शाक्य आफूसँग सल्लाह गरेर नै मुख्यमन्त्री बनेको बताए। आफ्नो सल्लाहमा मुख्यमन्त्री बनेको भएपनि नयाँ पार्टी गठन पछाडि प्रदेश र स्थानीय तहको जनप्रतिनिधिले २१ दिनभित्र राजनीतिक पार्टी रोज्न पाउने कुरा उल्लेख गर्दै उनले शाक्यले कुन पार्टी रोज्नुहुन्छ सोही आधारमा वाग्मती प्रदेश सरकारलाई आफुहरूले कसरी हेर्ने भन्ने तय हुने बताए।

उनले भने, 'अष्टलक्ष्मी कमरेडको बारेमा मेरो सल्लाहले नै उहाँ हुनुभएको हो। मेरो सहमति लिनुभएकै हो। तर उहाँ पनि अप्ठ्यारोमा हुनुहुन्छ। अहिले त हुनुभयो, जब पार्टी अलग बनिसकेपछि एउटा पार्टी रोज्नुपर्ने अवस्था बन्छ। अब उहाँमाथि भरपर्ने कुरा हो। म धेरै अहिले भन्न चाहन्नँ। अब त्यो नयाँ पार्टी बनिसकेपछि २१ दिनभित्रमा कुन पार्टी रोज्ने भन्ने हुन्छ।'

नेपालमा समाजवादी केन्द्र बनाउने बहसका बीच पार्टीको नाम समाजवादी राखेको विषयमा सञ्चारकर्मीहरूले राखेको जिज्ञासाको जवाफ दिँदै उनले आफूहरूले कम्युनिष्ट पार्टी नत्याग्ने स्पष्ट पारे। नेपाल कम्युनिष्ट पार्टीको नामलाई त्याग्ने कसैसँग पनि एकता सम्भव नभएको उनले बताए।

## माधव नेपाल र महन्थ ठाकुरको पार्टी सनाखत आज

**टुडे एक्सप्रेस** / काठमाण्डौ

निर्वाचन आयोगले दल दर्ताका लागि निवेदन दिएका नेताहरूलाई सनाखत गर्न आज बोलाएको छ। माधवकुमार नेपाल नेतृत्वको प्रस्तावित नेकपा (एकीकृत समाजवादी) र महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टीलाई खनाखतका लागि आयोगले आजको लागि समय दिएर बोलाएको हो।

आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार आयोगले सनाखतका लागि बुधबार बिहान ११:३० देखि दिउँसो २ बजेसम्म साँढे २ घण्टाको समय दिएको छ। सो समयभित्र सनाखत गर्न भौतिक रूपमै उपस्थित हुनुपर्नेछ। सरकारले अध्यादेश ल्याएपछि एमालेका सांसद तथा केन्द्रीय सदस्यहरूले नेता नेपाल अध्यक्ष हुने गरी नयाँ दल दर्ता गर्न निवेदन दिएका थिए भने आयोगले नै जसपाको आधिकारिकता अध्यक्ष उपेन्द्र यादव पक्षलाई दिएपछि ठाकुर पक्ष दलविहीन भएको थियो।




आयोगमा कोही उपस्थित सकेन र पत्रमार्फत् सनाखतका लागि आग्रह आएमा के गर्ने भन्ने आयोगले पछि निर्णय गर्ने उनले बताए। पूर्वप्रधानमन्त्री झलनाथ खनाल नेकपा (एकीकृत समाजवादी) का वरिष्ठ नेता छन्। उनी उपचारका लागि भारतमा छन्।

## कांँग्रेस क्रियाशील सदस्यता विवाद टुङ्गियो

**टुडे एक्सप्रेस** / काठमाडौं

नेपाली कांग्रेसमा लामो रस्साकस्सीपछि पार्टीको १४औं महाधिवेशनका लागि क्रियाशील सदस्यता विवाद टुङ्गिएको छ। क्रियाशील सदस्यतासम्बन्धी बाँकी कार्य सम्पन्न गरी त्यसको प्रतिवेदन सोमबार पार्टी सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेललाई बुझाइएको छ।

प्रधानमन्त्री एवं सभापति देउवाको निजी निवास बूढानीलकण्ठमा क्रियाशील सदस्यताको बाँकी विवाद समाधानका लागि जिम्मेवारी तोकिएका नेताहरूका तर्फबाट पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौलाले प्रतिवेदन बुझाएका हुन्। क्रियाशील सदस्यताको बाँकी विवाद मिलाउन पार्टीले नेता सिटौलासहित केन्द्रीय सदस्यद्वय डा मीनेन्द्र रिजाल र रमेश लेखकलाई जिम्मेवारी प्रदान गरेको थियो।

क्रियाशील सदस्यतालाई अन्तिम रुप दिएसँगै यही भदौ १८ गते तोकिएको कांग्रेसको गाउँ/नगर वडा अधिवेशन सुनिश्चित भएको छ। नेता कार्यकर्ताहरू अधिवेशनका लागि जिल्ला र गाउँ जान सुरु भइसकेको छ। नौ लाखको हाराहारीमा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन। क्रियाशील सदस्यहरूले आफनो वडा समिति र क्षेत्रीय प्रतिनिभिको चयन गर्ने विधानमा उल्लेख छ।

सभापति देउवाले क्रियाशील सदस्यता विवरणमा हस्ताक्षर गरेपछि प्रतिवेदन पार्टीको केन्द्रीय निर्वाचन समितिलाई हस्तान्तरण हुनेछ। निर्वाचन समितिले क्रियाशील सदस्यताको विवरण प्राप्त गरेलगत्तै एक/दुई दिनभित्र सम्पूर्ण जिल्लामा पुऱ्याइसक्ने समिति संयोजक महादेवप्रसाद यादवले जानकारी दिए। समय कम भएकाले समितिले स्थल र हवाई यातायातका साथै कतिपय हिमाली जिल्लामा हेलिकोप्टर समेत प्रयोग गर्ने उनले बताए।

निर्वाचन समितिले क्रियाशील सदस्यता नामावली सूची, पार्टीको विधान र नियमावली, निर्वाचन निर्देशिका, अधिवेशनमा निर्वाचित हुने सदस्यलाई प्रदान गर्ने प्रमाणपत्रसहितको बण्डल प्रत्येक जिल्ला सदरमुकाममा वडा अधिवेशनको कम्तीमा एक साता अघि र त्यसको दुई दिनभित्र प्रत्येक वडामा पुऱ्याउने लक्ष्य राखेको छ।

उक्त सबै सामग्री छपाइको सम्पूर्ण काम सम्पन्न भइसकेको र सबै वडा तथा निर्वाचन समितिका लागि करिब सातदेखि आठ हजारको बण्डल बनाएर देशभर पठाइने उनले बताए। समितिले तराई र सुगमका ४१ जिल्लामा योजनाअनुसारको निर्धारित समयमै निर्वाचन सामग्री पुग्ने अपेक्षा गरेको र बाँकी हिमाली तथा विकट पहाडी ३६ जिल्लामा भने यातायातको केही चुनौती रहेको जनाएको छ। यसबाहेक पार्टीले अधिवेशनमा कोभिड-१९ को महामारी, बाढीपहिराको प्रकोपलगायत चुनौतीको पनि सामना गर्नंपर्ने देखिन्छ।

अधिवेशनका लागि समितिले पार्टी निकट मानिने डिएलएसम्बद्ध कानून व्यवसायीहरूबाट सबै जिल्लामा निर्वाचन अधिकृत तोकिसकेको छ। निर्वाचन अधिकृतले सम्बन्धित जिल्लाका पार्टी सभापति र शिक्षक सङ्घसँग समन्वय गरी वडास्तरमा मतदान अधिकृत तोक्ने संयोजक यादवले बताए।

## १४ जना सांसद समावेश गरी ल्याएको सनाखत नबुझ्न दबाव

**टुडे एक्सप्रेस** / काठमाण्डौ

नेकपा एमालेले पार्टीको ह्वीप उल्लंघन गरेका माधव नेपालसहितका १४ जना सांसदको नाम समावेश गरेर ल्याइएको सनाखत नबुझ्न निर्वाचन आयोगलाई दबाव दिएको छ।

अग्नि खरेलसहितका एमाले नेताहरूले मंगलबार निर्वाचनमा आयोगमा पुगेर पार्टीले कारबाही गरेका सांसदको नाम समावेश गरेर ल्याइएको सनाखतले लोकतन्त्रलाई कमजोर बनाउने भन्दै ह्वीप उल्लंघन गरेका सांसदको नाम समावेश गरेर ल्याइएको सनाखत नबुझ्न आयोगलाई दबाव दिएका हुन्।

नेकपा एमालेका निर्वाचन विभाग प्रमुख खरेलले सनाखतको प्रक्रियामा नेकपा एमालेलाई समावेश गर्न जरुरी रहेको बताए। नेकपा एमाले दल फुटाउनको निम्ति अध्यादेश ल्याएको भन्दै विभाग प्रमुख खरेलले मूल दल (एमाले)लाई रोबरमा राखेर काम गर्न सुझाव दिए।

'हामीले निर्वाचन आयोगलाई भनेका छौं, १४ जना ह्वीप उल्लंघन गर्ने व्यक्तिहरू र पार्टीको निर्देशन लागू गरेर ह्वीप उल्लंघन गरेका छन्, तिनीहरूलाई कारबाही गरिएको छ, तिनीहरूलाई कारबाही गरिनुपर्छ भनेका छौं, र तिनीहरूको नामलाई पनि समावेश नगरियोस्, तिनीहरूलाई नाम समावेश गरेर उनीहरूलाई सनाखत गराउने प्रक्रियामा समावेश नगराइयोस्, यो कुराले मुलुकको लोकतन्त्रलाई बलियो बनाउँछ, लोकतन्त्र बलियो बनाउने काममा नै निर्वाचन आयोग लाग्छ भन्ने हामीलाई विश्वास छ।

# डुबान र उपेक्षाले गौचरन बन्दै, भएका उद्योग समेत घाटामा



**टुडे एक्सप्रेस** / सप्तरी

प्रदेशको एक मात्र सरकारी स्वामत्विको गजेन्द्रनारायण सिंह औधोगिक क्षेत्र बर्सेनि डुबानमा पर्दै आएको छ। औद्यौगिक क्षेत्र निरन्तर डुबानका कारण यहाँ सञ्चालित उद्योगहरू बन्द रहेको र लगानी अनुसारको फाइदा नभएर उद्योग घाटामा रहेको कोशी पोलिमर्श उद्योगका सञ्चालक रमेश यादवले बताए। उनी भन्छन्, डुवान लगायत ढल निकास,विद्युत,खाने पानी लगायतको समस्याका बीच हामी उद्योग सञ्चालन गर्न बाध्य छौं।

पछिल्लो समय एक सातादेखिको लगातारको वर्षाले भदौ १ गते नै औधोगिक क्षेत्रको २५ मिटर जति सिमाना पर्खाल भत्कियो त्यसपछि औधोगिक क्षेत्र पूर्णतः डुबानमा परेको औद्योगिक कार्यालय व्यवस्थापन प्रमुख दीपकराज आचार्यले बताए। अहिले डुबान हुनुको कारणबारे उनी भन्छन्- पहिलो आद्यौगिक क्षेत्र परिसरभित्र बाहिरको पानी पस्दैनथ्यो। जब रुपनि-राजविराज सडक खण्डको ५ किलोमा गाउँपालिकाले सडकेखि पूर्व छाडेर पश्चिमतिर पानीको बहाव बन्द हुने गरी बाँध बाधियो त्यसपछि औद्योगिक क्षेत्र डुबानमा पर्न थालेको हो।

झण्डै २२ बिघाभन्दा बढी जग्गामा फैलिएको औद्योगिक क्षेत्रको आफ्नै पानी निकासको व्यस्थापन गर्न सकेको छैन। त्यसमा झन् बाहिरको पानी भित्र पस्ने गरी पानीको बहाव नै मोडिएको कारण एक दशक यतादेखि यो क्षेत्र डुबानमा पर्दै आएको स्थानीयको गुनासो छ। रुपनी गाउँपालिक वडा-५ मा पर्ने करिब तीन सय वटा उद्योग सञ्चालन गर्न सक्ने क्षमता भएको औधोगिक क्षेत्र डेढ दशकदेखि डुवानको समस्यासँगै गौचरणमा परिणत भएको छ। पछिल्लो पाँच वर्ष यता क्षेत्रभित्र केही पूर्वाधार विकास र संरक्षणको काम थालिए पनि वर्षायाम शुरु भएसँगै डुबानकै समस्याले काम ठप्प भएको र समयमै गर्न नसकेको व्यवस्थापन कार्यालयको इन्जिनियर पुरुषोत्तम ठाकुरले बताए।

भारत सरकारको लगानीमा २०४४ सालमै स्थापना भएका यो औद्योगिक क्षेत्र २०५० सालमा नेपाल सरकारको पूर्ण स्वामित्व रहने गरी नेपाल सरकारलाई हस्तान्तरण गरिएका थिए। त्यसवेलाको संरचना अत्यन्तै सुदृढ र लोभलाग्दो रहेको क्षेत्रको स्थापना कालदेखिनै त्यहाँ कार्यरत कर्मचारी सुरेश भुजेल बताउँछन्। उनी थप्छन् - त्यसपछि यो उद्योगिक क्षेत्रको प्रवद्धन र विकासमा कसैको चासो भएन र गौचरण बन्यो।

उद्योगिक क्षेत्रको डुवान समस्या समाधान बारे यस अघि तत्कालीन प्रमुख जिल्ला अधिकारी, खउद्योग मन्त्रालयको प्रतिनिधि सहितको टोलीद्धारा अनुगमन गरी सहरी विकास, सडक डिभिजन, गाउँपालिका लगायत सँग पहल गरे पनि परिणाम शून्य रहेको कार्यलय प्रमुख आचार्यले गुनासो गरे, उनले भने, यस क्षेत्रको विकास र प्रवर्धनमा थुप्रै विकल्प हुदाँहुदै पनि स्थानीय सरकार र यहाँका व्यक्तिले समेत चाहेका छैनन्। हामी जस्ता कर्मचारीले काम गर्न चाहे पनि अनेक चुनौती खडा गरिदिन्छ।

यसबारे गाउँपालिका अध्यक्ष हरेराम यादवसँग कुरा गर्दा सुरुदेखि नै सरकारकै उपेक्षामा परेको कारण यो क्षेत्रको विकास हुनसकेको छैन। वर्षेनि पालिका नै डुबानमा पर्दै आएको आफ्नै समस्या छ। अध्यक्ष यादव भन्छन्, यो क्षेत्रको विकास हुन नसक्नुमा बाढी पहिलो कारण छ तर बाढी नियन्त्रणका लागि पालिकामा बजेट छैन औद्योगिक क्षेत्रको लागि हामीले कहाँबाट गर्ने। यता औद्योगिक क्षेत्रको डुबान समस्या बारे जिल्ला प्रशासन कार्यलयसँग पछिल्लो समय कुनै प्रकारको जानकारी र समन्वय नरहेको सहायक प्रमुख जिल्ला अधिकारी नाथु साहले बताए।

देशको ६ वटा प्रदेशमा सरकारले नयाँ औद्योगिक क्षेत्रको निमार्णमा तदारुकता देखाए पनि प्रदेश २ मा रहेको यो एक मात्र उद्योगिक क्षेत्रमा कहिले बजेट त कहिले कर्मचारी नै नपठाएर सरकारी उपेक्षाकै कारण पनि यसको विकासमा चुनौती थपिँदै गएको छ।

# प्रियंका भुजेल मृत्यु प्रकरण : दुई जना सार्वजनिक



**टुडे एक्सप्रेस** / सर्लाही

सर्लाहीको लालबन्दी नगरपालिका -१७ रानीगंज घर भएकी १४ वर्षीया किशोरी प्रियंका भुजेलको हत्यामा संलग्न दुई जनालाई प्रहरीले सार्वजनिक गरेको छ।१४ वर्षीया किशोरीलाई बलात्कारपछि हत्या गर्ने स्थानीयवासी १९ वर्षीय कृष्ण साह र १९ वर्षीय अनिश दाहाललाई प्रहरीले सार्वजनिक गरेको हो।

दाहाल र साहले गएको साउन ३१ गते राति कालिञ्जोर खोलामा किशोरीलाई सामूहिक बलात्कार गरी हत्या गरेको बयान दिएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी उपरीक्षक (एसपी) सन्तोष सिंह राठौरले जानकारी दिए।

साउन ३१ गते राति साढे ११ बजेदेखि घरबाटै हराएकी प्रियंका भुजेलको शव भदौ १ गते राति लालबन्दी ६ कालिञ्जोर खोलाको बगरमा गाडेर राखेको अवस्थामा फेला परेको थियो। किशोरीका बाबु राजेश भुजेलले साउन ३२ गते छोरीको खोजी गरिदिन इलाका प्रहरी कार्यालय लालबन्दी उजुरी दिएका हुन्।

घटनाबारे उजुरी दिएको दुई दिनपछि प्रहरीले घटना संलग्न भएको आशङ्कामा गाउँका दुई युवालाई पक्राउ गरी बयान लिएपछि हत्या गरेको खुलेको प्रहरीले जनाएको छ। हत्यामा संलग्न दुवैसँग प्रहरीले गराएको बयानमा भुजेललाई साउन ३१ गते राति साढे ११ बजे भेट्न गएको स्वीकार गर्दै आफूहरूले किशोरीलाई लिएर भागेको र घर जान नमानेपछि हत्या गरेको बताएका छन्।

घरबाट भागेर जङ्गलमा पुगेका युवाले किशोरीलाई घाँटी थिची हत्या गरेको स्वीकार गरेका छन्। हत्यापछि उनीहरूले किशोरीको शव खोलाको बगरमा पुरेका थिए।

# अलपत्र पऱ्यो शीतभण्डार निर्माण



**टुडे एक्सप्रेस** / सप्तरी

सप्तरीको राजविराज नगरपालिकस्थित देउरी भरुवामा सहकारी शीतभण्डारको निर्माण अलपत्र परेको छ। राजविराज -१२ देउरी भरुवामा निर्माणाधीन सो शीतभण्डारको क्षमता तीन हजार मेट्रिक टनको छ। ठेकेदारको चरम लापरवाहीले निर्माणकार्य अहिले रोकिएको छ। ठेकेदार कम्पनीले कोरोना महामारीको बहाना देखाएर विगत ६ महिनादेखि काम स्थागित गरेको बताइएको छ।

जिल्ला सहकारी सङ्घले सहकारी संस्थाको व्यवस्थापन विस्तार एवं यहाँ उत्पादित कृषि उपजको भण्डार र व्यवस्थापननमा सहयोग पुऱ्याउने ध्येयले सो कार्य अगाडि बढाएको थियो। विसं २०७५ फागुन महिनामा शिलान्यास गरी निर्माण थालिएको शीत भण्डारको काम ५० प्रतिशत भएको छैन। स्थानीयवासीका अनुसार शर्मा आशिष ओम साइराम, सानोठिमीले ठेक्का लिएको थियो।

सङ्घका प्रबन्धक रमेशप्रसाद गुप्ताले शीतभण्डारबाट हजारौं किसानले लाभ लिन सक्ने जनाउँदै शीघ्र निर्माण सम्पन्न गर्न पहल भइराखेको बताए। उनका अनुसार यसका लागि पहिलो किस्ता तीन करोड बजेट निकासा भएको थियो। अहिले बजेटका अभावमा काम रोकिएको बताइएको छ। सङ्घीय र प्रदेश सरकारले समयमा अनुदान रकम दिएका छैनन्। सङ्घीय सरकारको ६० ,सङ्घ संस्थाको २० तथा स्थानीय तथा प्रदेश सरकारको २० प्रतिशत रकम रहने सो शीतभण्डारको क्षमता ३ हजार मेट्रिक टन रहने जनाइएको छ।

पाँच च्याम्बर भएको शीतभण्डारको लम्बाइ ४८ मी, चौडाई ४०.८५ मी उचाइ ९.५ मी रहने प्राविधिकले जनाएका छन्। कूल ६४ हजार ९८२.६८ वर्गमी जग्गा क्षेत्रफल ओगटेको शीतभण्डार मूल्य अभिवृद्धि कर बाहेक रु २७ करोड लाग्ने जनाइएको छ।



**ई. बिबेक**
प्रसिद्ध ज्योतिषाचार्य

## आजको राशिफल

परामर्सको लागि सम्पर्क ९८१२००५३७८

**मेष :** (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) ??? इष्टमित्रसंग भेटघाट गर्ने अवसर जुट्नेछ । मनमा हर्ष, उमङ्ग र उत्साह छाउने छ ।

**वृष :** (इ, उ, ए, ओ, वा, वि, वु, वे, वो) सानातिना बाधा-अड्चन आइ लागे पनि काम रोकिने छैन । कार्य सम्पादनमा सहजता मिल्नेछ ।

**मिथुन :** (का, कि, कु, घ, ङ, छ, के, को, हा) आज कुनै कुरामा वैचारिक मतभेद सिर्जना हुनसक्छ । साना-तिना समस्यामा अल्झिनु पर्नेछ ।

**कर्कट :** (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) कला, साहित्य तथा संगीतमा रूचि बढ्नेछ । मनोरञ्जनको क्षेत्रमा गरेको लगानीबाट श्रीः प्राप्ति हुनेछ ।

**सिंह :** (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) अनुहारमा कान्ति र मनमा शान्ति छाउनेछ । चिताएको कामले तीव्रता लिनेछ । गरेको कार्यमा सफलता पाईनेछ ।

**कन्या :** (टो, पा, पि, पु, ष, ण, ठ, पे, पो) आज शुभकार्यको चर्चा चल्ने र नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

**तुला :** (रा, रि, रू, रे, रो, ता, ति, तु, ते) आज मानसिक चिन्ता बढेपनि श्रमको उचित मुल्याकन हुनेछ । धर्म कर्ममा मन लाग्नेछ ।

**वृश्चिक :** (तो, ना, नि, नु, ने, नो, या, यि, यु) सौन्दर्यतामा धन खर्च हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ ।

**धनु :** (ये, यो, भा, भि, भु, धा, फा, ढा, भे) वाक्चतुर्याईंले सकल्प सिद्ध हुनेछ । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । प्रेम सम्बन्ध कसिलै होला ।

**मकर :** (भो, जा, जि, जु, जे, जो, ख, खि, खु, खे, खो, गा, गि) आत्मविश्वास बढ्नेछ । सामाजिक कामको दायित्व बढ्नेछ ।

**कुम्भ :** (गु, गे, गो, सा, सि, सु, से, सो, दा) सामान हराउने वा चोरी हुने भय छ । टाउको दुख्ने तथा रूघा लाग्नेजस्ता समस्याले सताउन सक्छ ।

**मिन :** (दि, दु, थ, झ, ञ, दे, दो, चा, चि) गरेका कामबाट प्रशस्त लाभ हुनेछ । आस्था बढ्नेछ ।

# फोहर व्यवस्थापन नहुँदा वाग्मती प्रदूषित बन्दै



**टुडे एक्सप्रेस** / रौतहट

प्रदेश २ कै धार्मिक तथा पर्यटकीयस्थल नूनथर प्रदूषित बन्दै गएको छ। रौतहटको चन्द्रपुर नगरपालिका-१ स्थित उक्त स्थललाई नूनथर क्षेत्र विकास समितिले नै संरक्षण, प्रवर्द्धन र सञ्चालनमा चासो नदिँदा दिनदिनै यहाँ उत्सर्जित फोहरले प्रदूषण बढाएको हो।

घुम्न आउने आन्तरिक तथा बाह्य पर्यटक, तीर्थालु, पिकनिक मनाउनेहरूले फालेका र होटलबाट निस्कने फोहर व्यवस्थापन नगर्दा उक्त स्थानका साथै नजिकैको वाग्मती नदी पनि प्रदूषित भएको छ। अहिले नदी किनारमा प्लाष्टिकका खोल, पेय पदार्थका खाली बोतल देखिन्छन्।

भगवान् शिव-पार्वतीको आस्थाको धरोहर बनेको नूनथर र नदीमा फोहर बढ्नु दुःखद् भएको वडा नं १ का वडाध्यक्ष वीरबहादुर राखालले बताए। रौतहट, सर्लाही, मकवानपुर र सिन्धुलीको सङ्गमस्थल यस स्थललाई प्रकृतिले नै सिँगारेकाले स्थानीयवासीका साथै छिमेकी जिल्ला र भारतबाट पनि ठूलो सङ्ख्यामा पर्यटक आउने गर्छन्। अहिले यहाँ आउने पर्यटक फोहर देखेर खिन्न हुन थालेका छन्। नूनथर उद्यानभित्र फोहर सङ्कलनका लागि केही डष्टबिन राखिए पनि त्यसको सदुपयोग भएको छैन।

फोहर व्यवस्थापन नभए नूनथर क्षेत्रको सुन्दरतामा असर पर्नाका साथै वाग्मती सभ्यतामा पनि असर गर्ने नेपाली काँग्रेस रौतहट क्षेत्र नं ४ का सचिव विनोद गुप्ताले बताए। यहाँको महत्व र सौन्दर्यलाई जोगाइराख्न आफूहरूले पहल गर्ने समितिका अध्यक्ष रामकुमार भट्टराईले जोड दिए। साउनमा बोलबम आउने तीर्थयात्री र आन्तरिक तथा बाह्य पर्यटक वृद्धिले सो समयमा फोहर व्यवस्थापन गर्न नसकिएकामा अब छिट्टै गरिने र यसका लागि योजनाबद्ध रूपमा काम अघि बढाइएको उनको भनाइ थियो। कुहिने फोहर ठूलो खाडल खनेर जम्मा गर्ने र नकुहिने एक ठाउँमा सङ्कलन गरेर व्यवस्थापन गर्ने तयारी भइरहेको समितिका व्यवस्थापक समीर कार्कीले बताए। फोहर टिप्ने कर्मचारी राखिएको र अहिले देखिएका समस्या दीर्घकालीनरूपमा समाधानका लागि योजनाबद्ध रूपले समिति अघि बढिरहेको पनि उनको भनाइ थियो।

# दुर्घटनामा बालिकाको मृत्यु

**टुडे एक्सप्रेस** / सप्तरी




पूर्व-पश्चिम राजमार्गअन्तर्गत सप्तरीको सुरुङ्गा नगरपालिकास्थित कदमहामा आज बिहान भएको सावरी दुर्घटनामा परी एक बालिकाको ज्यान गएको छ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को१ख ६९५६ नंको तेल टयाङ्कर सुरुङ्गा नगरपालिकास्थित दिलीप एण्ड ब्रदर्श पेट्रोलपम्प नजिक रोकिराखेको अवस्थामा सोही दिशातर्फ जाँदै गरेको ना८ख ३४२२ नको ट्रकले पछाडिबाट ठक्कर दिँदा ट्रक चालक सुनसरी रामधुनि इकराही नपा-४ बस्ने आशाराम चौधरीका नौ वर्षीय छोरी मेनुका चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ। सो घटनामा ट्रक चालक ४५ वर्षीय आशाराम चौधरी, निजकी ४० वर्षीया श्रीमती चन्द्रकाला थारुनी निजका छोरा आशिष चौधरी घाइते भएका छन्।

उनीहरूलाई उपचारका लागि सप्तऋषि अस्पताल लहान सिरहा पठाइएको छ भने ट्रक र टयाङ्कर प्रहरीको नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। टयाङ्कर चालक तत्काल फरार रहेको र उनको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

# एमालेको महाधिवेशन मंसिरमा, विधान महाधिवेशन असोजमा गर्ने निर्णय




**टुडे एक्सप्रेस** / काठमाण्डौ

नेकपा (एमाले) ले केन्द्रीय महाधिवेशन आगामी मंसिरमा गर्ने निर्णय गरेको छ। माधव नेपालको नयाँ पार्टीमा नगएका १० जना नेतासहित मंगलबार बसेको पार्टी स्थायी कमिटी बैठकले आगामी मंसिर १०, ११ र १२ गते महाधिवेशन काठमाण्डौमा गर्ने निर्णय गरेको प्रवक्ता प्रदीप ज्ञवालीले बताए। उनका अनुसार विधान महाधिवेशन असोज ४, ५ र ६ गते काठमाडौंमा हुनेछ।

विधान महाधिवेशनमा प्रस्तुत गरिने प्रस्ताव तयार गर्न भदौ २५ र २६ गते स्थायी कमिटी र २७ र २८ केन्द्रीय समितिको बैठक बोलाइएको छ। पार्टीको पक्षमा रहेर क्रियाशील हुने केन्द्रीय समिति, प्रदेश, जिल्लासहित सबै तहका पदाधिकारी र सदस्यलाई २०७५ जेठ २ गतेपूर्व क्रियाशील हुन निर्देशन दिने निर्णय बैठकले गरेको छ।

बैठकले पार्टीका स्थानीय कमिटीहरूलर्य व्यवस्थित गर्ने सन्दर्भमा देशैभर कार्तिक ६ गते वडा वा सो सरहका अधिवेशन र कार्ति ९ गते पालिका वा सो सरहका अधिवेशन आयोजना गर्ने निर्णय गरेको छ।

१० बुँदे सहमति कार्यान्वयनका क्रममा आइपर्ने समस्या समाधानका लागि तथा केन्द्रीय समितिमा १० प्रतिशत सदस्य मनोनयन, केन्द्रीय निकाय तथा विभागलाई पूर्णता दिन र पुनर्गठन गर्नका लागि कार्यदल बनाइएको प्रवक्ता ज्ञवालीले जानकारी दिए।

उनका अनुसार कार्यदलमा इश्वर पोखरेल, भीम रावल, विष्णु पौडेल, घनश्याम भुसाल, सुरेन्द्र पाण्डे र लेखराज भट्ट रहेका छन्।

# अन्तरिम आदेश दिन अस्वीकार



**टुडे एक्सप्रेस** / काठमाण्डौ

सर्वोच्च अदालतले नेकपा (माओवादी केन्द्र) परित्याग गरी नेकपा (एमाले) प्रवेश गरेपछि लुम्बिनी प्रदेशसभा सदस्यबाट पदमुक्त भएका दधिराम न्यौपाने र दिनेश पन्थीले पदमुक्त गर्ने निर्णय खारेजको मागमा अन्तरिम आदेश दिन अस्वीकार गरेको छ।

न्यायाधीशद्वय दीपककुमार कार्की र हरिप्रसाद फुयाँलको संयुक्त इजलासले मंगलबार सांसद पदबाट पदमुक्त गर्ने माओवादी केन्द्रको निर्णय खारेजीको मागमा अन्तरिम आदेश जारी गर्न अस्वीकार गरेको हो।

एमालेमा प्रवेश गरेपछि माओवादी केन्द्रले सांसद पदबाट कारबाही गरेको थियो। उक्त कारवाहीविरुद्ध गत साउन ७ गते उनीहरूले सर्वोच्च अदालतमा रिट निवेदन दायर गरेका थिए।

एमालेका अध्यक्ष केपी शर्मा ओलीले न्यौपाने र पन्थी गत चैत १३ गते जारी गरेको अन्तरपार्टी निर्देशन-९ को मनोनयन शीर्षकअन्तर्गत १४ र १६ नम्बरमा नेकपा (एमाले) को केन्द्रीय कमिटी सदस्य रहेको देखिएको सुविधा सन्तुलनको दृष्टिकोणले कुनै अपूरणीय क्षति नभएको भन्दै अन्तरिम आदेश दिन नपरेको आदेशमा छ।

आदेशमा सोही प्रकृतिका निवेदक प्रभु साह, लेखराज भट्ट, कुन्दनप्रसाद कुशवाहसमेत भएको मुद्दामा अन्तरिम आदेश जारी गर्न नपर्ने आदेशमा छ।

# केही दिनभित्रै नयाँ बजेट ल्याउने लुम्बिनी सरकारको घोषणा

**टुडे एक्सप्रेस** / लुम्बिनी



लुम्बिनी प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री कृष्णध्वज खड्काले केही दिनभित्रै नयाँ बजेट ल्याउने बताएका छन्। शंकर पोखरेल नेतृत्वको सरकारले अध्यादेशबाट ल्याएको बजेटलाई पुनर्स्थापना गरी वर्तमान सरकार नयाँ बजेट बनाउन लागेको उनले बताए।


कुलप्रसाद केसी नेतृत्वको सरकारका प्रवक्ता समेत रहेका मन्त्री खड्काले प्रदेशको विकास र समृद्धिको लागि सरकारले न्यूनतम साझा कार्यक्रम ल्याउन लागेको बताए। बुटवलमा आयोजित साक्षात्कारमा बोल्दै मन्त्री खड्काले कोरोना रोकथाम र नियन्त्रण तथा कृषिलाई मुख्य प्राथमिकतामा राखेर सरकारले बजेट ल्याउने बताए। झकोरोनाले थलिएका प्रदेशबासीलाई राहत दिनेगरी खोपको व्यवस्था सरकारले गर्नेछ', उनले भने। मन्त्री खड्काले सरकारले विद्यालय जाने उमेरका सबै बालबालिकालाई खोपको व्यवस्था गरी विद्यालय सञ्चालनमा ल्याउने तयारी गरिरहेको दाबी गरे। उनले यसअघिको सरकारले जबर्जस्ती अध्यादेशमार्फत बजेट ल्याए पनि अलपत्र छोडिएकोले २ वटा विधेयक फिर्ता पठाएको बताए।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका पूर्वगभर्नर तथा पूर्वप्रधानमन्त्रीका आर्थिक सल्लाहकार डा. चीरञ्जीवी नेपालले सरकारले पुँजीगत खर्चमा जोड दिनुपर्ने बताए। कोरोना महामारीले गरिब तथा दिनभरि काम गरेर परिवार पाल्नुपर्ने अवस्थाका नागरिकलाई बढी समस्यामा पारेकोले त्यो वर्गलाई राहत मिल्नेगरी सरकारले कार्यक्रम ल्याउनुपर्ने बताए। उनले सरकारको अहिलेको पहिलो काम जनताको जीवनरक्षा गर्नं हुनुपर्ने भन्दै कोरोना विरूद्धको खोपको तत्काल व्यवस्था गर्नंपर्ने बताए।

नेपालले कालीगण्डकी तिनाउ डाइभर्सन मुलुकको अर्थतन्त्र अगाडि बढाउने महत्वपूर्ण विकल्प रहेकोले यसलाई अगाडि बढाउनुपर्ने बताए। राष्ट्र बैंकले जारी गरेको मौद्रिक नीतिले अर्थ व्यवस्थामा मौद्रिक व्यवस्थापन, ब्याजदर व्यवस्थापन, वित्तीय क्षेत्र सुदृढीकरण, भुक्तानी प्रणालीमा सुदृढीकरण, विदेशी विनिमय व्यवस्थापन, वित्तीय पहुँच जस्ता उपायमार्फत् नियमन र सन्तुलन कायम गर्न सघाउ पुऱ्याउने दाबी गरे।

# पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल फिर्ता लिन नेविसंघको माग

**टुडे एक्सप्रेस** / काठमाण्डौ



सत्तारुढ दलकै विद्यार्थी संगठन नेविसंघले पेट्रोलियम पदार्थको मूल्यवृद्धि तत्काल फिर्ता लिन माग गरेको छ। नेविसंघका महामन्त्री बलदेव तिमल्सिनाले विज्ञप्ति जारी गर्दै मुल्यवृद्धि फिर्ता लिन माग गरेका हुन्। 'कोरोना भाइरसको महामारी र त्यसको प्रत्यक्ष असरबाट प्रभावित उपभोक्तालाई थप पीडा दिने गरि नेपाल आयल निगमले पेट्रोलियम पदार्थमा गरेको मूल्यवृद्धिप्रति घोर भर्त्सना गर्दछु,' विज्ञप्तिमा लेखिएको छ। यस्तै अखिल (क्रान्तिकारी) ले पनि पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोध गरेको छ। क्रान्तिकारीका तर्फबाट अध्यक्ष हरिकृष्ण गजुरेलले मंगलबार जारी गरेको विज्ञप्तिमा मूल्यवृद्धि अविलम्ब फिर्ता लिन नेपाल सरकार, नेपाल आयल निगम र सम्बन्धित निकायसँग आग्रह गरिएको छ। अन्यथा मूल्यवृद्धि विरुद्ध सशक्त सङ्घर्षमा उत्रन बाध्य हुने चेतावनी पनि दिइएको छ।

नेपाल आयल निगमले गए रातिदेखि लागू हुने गरी पेट्रोल, डिजेल, मट्टितेल र हवाइ इन्धन (आन्तरिक तर्फ) मा प्रतिलिटर २/२ रुपैयाँ, हवाइ इन्धन (अन्तर्राष्ट्रियतर्फ) मा १६ अमेरिकी डलर प्रति किलोलिटर र खाना पकाउने एल.पी. ग्यासमा प्रतिसिलिण्डर २५ रुपैयाँले मूल्य बढाएको थियो।

# सभामुख सापकोटाको दाँतको शल्यक्रिया

**टुडे एक्सप्रेस** / काठमाडौँ



सभामुख अग्निप्रसाद सापकोटाको मंगलबार दाँतको सामान्य शल्यक्रिया गरिएको छ। बिहान वीर अस्पतालको दन्त विभागमा उहाँको 'माइनर ओरल सर्जरी' गरी दायाँपट्टि तल्लो भागको एउटा दाँत निकालिएको हो।

सभामुखका सञ्चारविज्ञ श्रीधर न्यौपानेका अनुसार अस्पतालको दन्त विभाग प्रमुख डा शैली प्रधान, डा किशोर भण्डारीलगायत टोलीले जाँच पश्चात् शल्यक्रिया गरेको थियो। दाँतमा समस्या आएपछि एक महिनाअघि शल्यक्रियाका लागि उनले समय लिएका थिए।

उपचार प्रक्रिया जारी रहेकाले अहिले निवासमै आराम गरिरहनुभएका सभामुख सापकोटाले चिकित्सक टोलीलाई धन्यवाद दिएकोबताइएको छ।

# महत्वपूर्ण टेलिफोन नम्बरहरू

## धनुषा (०४१-)

| | |
|---|---|
| सिडिओ जिल्ला प्रशासन कार्यलय | ९८५४००७७७७ |
| एसपी जिल्ला प्रहरी कार्यलय | ९८५४००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०६ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५४०९०४०२ |
| प्रहरी (हटलाईन) | १००, ४२००९९, ४२०२९९ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| अस्पताल (प्रदेशिक अस्पताल, जनकपुर) | ५२००३३ |
| आँखा अस्पताल | ५२०३९७ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| जनकपुर सिटी हस्पिटल भानुचौक | ५२५०१ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चौक | ५२५३४१ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा कलब) | ९८०४८१४१२६ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३६ |
| बरुण यन्त्र (जनकपुर) | ५२००११ |

## काठमाण्डौं (०१-)

| | |
|---|---|
| प्रहरी कन्ट्रौल | १०० |
| ट्राफिक प्रहरी | १०३ |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५ |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी (भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| विर अस्पताल | ४२२१२२९ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| कान्ति बाल अस्पताल | ४४१४७९८, ४४२७४५२ |
| नेपाल अर्थोपेडिया अस्पताल | ४९११७२५ |
| प्रसूतीगृह थापाथली | ४२५३२७६ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| कान्तिपुर अस्पताल तीनकुने | ४१११९५७/८५८ |
| बी एण्ड बी अस्पताल | ४४३३२०६ |
| गोर्खा अस्पताल र रिसर्च इन्स्टिच्यूट | ४२५८५५२ |
| नर्भिक हस्पिटल, थपाथली | ४२५८५५४ |
| सहिद गंगालाल रा. हृदयरोग केन्द्र | ४३७१३२२ |

## पर्सा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५५०७७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१११ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५५०९०७०१ |

## बारा

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५००७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५००५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०८ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८११६४ |

## रौतहट

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५५०३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५५०३५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१००७ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८२६०८ |

## सर्लाही

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक(नेपाल प्रहरी) | ९८५४०७५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२११० |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१४५४ |

## महोत्तरी (०४४-)


| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५४०२७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५४०८५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०९ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२०९०२७१ |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ५२००६६,५२०१६ |
| वरुण यन्त्र (जलेश्वर) | ०४४ ५२००९७ |

## सिरहा

| | |
|---|---|
| प्र.जि.अ.(सिडिओ) | ९८५२८३७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८६५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०५ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५२८९०१४४ |

## सप्तरी

| | |
|---|---|
| प्र.जि.अ. (सिडिओ) | ९८५२८५७७७७ |
| प्रहरी उपरिक्षक (नेपाल प्रहरी) | ९८५२८५५५५५ |
| प्रहरी उपरिक्षक (श.प्र.ब.) | ९८५१२७२१०४ |
| ट्राफिक प्रहरी निरिक्षक | ९८५१२८१३७७ |



## सम्पादकीय...

# रौतहट घटना र प्रहरीको रवैया

साउन ३२ गते लागूऔषधसहित पक्राउ परेका रौतहटका पत्रकार मोहम्मद मोजीबुल्लाहको घटना अहिले चर्चामा रहेको छ । घुमुवा प्रहरीले नै मोजीबुल्लाहको मोटरसाईकलमा लागूऔषध राखेर फसाईएको सिसिटिभी फुटेजबाट प्रमाणित भएपछि रौतहट प्रहरीले पत्रकार सम्मेलन गरेर मोजीबुल्लाहलाई पत्रकारकै योजनामा फसाईएको बताएको छ । रौतहटस्थित आजतक नेपालका सञ्चालक तथा नेपाल पत्रकार महासंघ रौतहट शाखाका सहसचिव संजय सहनी नै मोजीबुल्लाहलाई फसाउने मुख्य योजनाकार रहेको प्रहरीले बताईरहँदा रौतहटका पत्रकारहरूले भने यसमा आशंका व्यक्त गरेका छन् । घटनामा संजयलाई मुछेर अन्य मुख्य योजनाकारहरूलाई उन्मूक्ति दिन खोजीएको भन्दै उनीहरूले थप अनुसन्धानका लागि जोडदार माग गरेका छन् । यता मोजीबुल्लालाई फसाउने मुख्य योजनाकार मानिएका पत्रकार सहनीले पनि सामाजिक सञ्जालमार्फत् घटनाको अनुसन्धान गर्न र त्यसका लागि दबाब दिन माग गरेका छन् । घटना भएको भोलिपल्ट सहनी र रौतहटका प्रहरी प्रमुख एसपी शिद्धिविक्रम शाहबीच भएको फोना सम्वादको अडियो समेत सार्वजनिक भएको छ । सम्वादका आधारमा पनि पत्रकार मोजिबिल्लाहलाई प्रहरीकै योजनामा फसाइएको आम विश्लेषण हुन थालेको छ ।

नेपाल पत्रकार महासंघ रौतहट शाखाले त विज्ञप्ती नै निकालेर प्रहरी प्रमुख शाहलाई नै निलम्बन गरी छानविन गर्नु पर्ने माग गरेको छ । प्रहरीले आफ्नो अपराध छुपाउनका लागि पत्रकारलाई नै दोषी देखाउने काम गरेको महासंघले ठहर गरेको छ । एसपी शाह र पत्रकार सहनीबीचको सम्वादले पनि घटनाको मुख्य योजनाकार प्रहरी प्रमुख नै रहेको संकेत गरेको देखिन्छ । उनीहरूले घटना पछि खुसी टेलिफोनमार्फत खुसी साट्नुले पनि दोष पत्रकार सहनीको मात्रै देखिँदैन प्रहरी उच्च अधिकारीको पनि देखिन्छ । त्यसर्थ प्रहरी प्रमुखलाई नै निलम्बन गरी घटनाको सुक्ष्म अनुसन्धान गर्न महासंघले दवाव दिएको छ । तर यसो भन्दैमा पत्रकार सहनी पनि निर्दोष छन् भन्न सकिने अवस्था छैन । किनभने उनले सार्वजनिक भएको अडियोमा एसपीसँग कुरा गर्दा मोजिबुल्लाहको औकात देखाई दिएको कुरा गरेका छन् । आफुजस्तै पत्रकारिता गर्ने साथीलाई प्रहरी वा अरु कसैले भन्दैमा त्यसरी फसाउने सहनी ठुला अपराधि नै सावित भएका छन् । उनले अब नैतिकताको आधारमा पत्रकारिताबाट सन्यास लिनु पर्छ या उनलाई नैतिकताकै आधारमा महासंघले नै कार्वाही गर्नु पर्छ ।

प्रहरी र पत्रकारलाई नेपालमा मात्रै हैन देशदुनियाँ जहाँ पनि असल ठानिन्छ । प्रहरीलाई देखेपछि सुरक्षित महसुस गर्ने र पत्रकारलाई पीडा पोखेपछि न्याय पाईन्छ भन्ने मानसिकता मानिसहरूमा विकास हुँदै गएको थियो । जसले निरन्तरता पाउन सक्नु पर्दथ्यो । तर रौतहटको घटनाले प्रहरीको मात्रै छवि धमिल्याएन सिंगो पत्रकारजगत र पत्रकारिता गर्नेहरूमाथि समेत प्रश्न उब्जाएको छ । प्रहरीले सत्य सेवा सुरक्षणम्लाई अंगीकार गरेको भएपनि त्यसको विपरीत काम गर्नु, पत्रकारले सत्य, तथ्य र निष्पक्षताको वकालत गर्ने भनेपनि यस्तै अपराधिक क्रियाकलापमा सरिक हुनुले यी दुबै बद्नामी भएका छन् । गल्ती सबैबाट हुन्छ, चाहे त्यो प्रहरी होस् या पत्रकार । गल्ती गरेपछि सजाय सबैले पाउनु पर्छ । रौतहट घटनामा प्रहरी र पत्रकार दुबै कानूनी सजायका भागिदार छन् । प्रहरी र पत्रकारको समेत छवि स्वच्छ बनाउन पनि यो घटनाको वास्तविकता बाहिर ल्याउनु र दोषीहरूलाई कडा कार्वाही गर्नु जरुरी छ ताकि आगामी दिनमा प्रहरी, पत्रकार वा अन्य कोही पनि अपराधिक घटनामा सरीक बन्ने कल्पना सम्म गर्न नसकुन् ।

# जिरो सम् गेम र डा. चौथाइवाले



वसन्त लोहनी











प्रधानमन्त्री शेरबहादुर देउवालाई भारतको सत्तारूढ भारतीय जनता पार्टीका विदेश विभाग प्रमुख डा. विजय चौथाइवाले प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश लिएर जनै पूर्णिमाको दिन काठमाडौँमा आएका छन् । प्रधानमन्त्री देउवासँगको जनै पूर्णिमाको दिन भेटघाटको फोटो राखेर उनले ट्वीटमा भनेका छन्– 'भारत र नेपालबीच विद्यमान सम्बन्ध अझ मजबुत पार्नको लागि छलफल सकारात्मक भएको छ ।' उनले घोडेजात्राको दिन पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीलाई भेटेर त्यस्तै फोटो राखेर त्यस्तै आशयको ट्वीट गरेका थिए । चारदिने बसाइमा नेपालको शीर्षनेताहरूसँग यस्तै छलफल गरेर नेपालको असन्तुलित राजनीतिलाई नजिकबाट ठम्याउने उनको प्रयास रहने बुझिएको छ ।

नेपालको सम्बन्ध दक्षिणी छिमेकीसँग मूलतः संस्कृतिक र धार्मिक कारणलेगर्दा जनस्तरमा भारत भन्ने देश नै नभएको बेलादेखि अत्यन्त सौहार्दपूर्ण रहदै आएको छ । सधैं स्वतन्त्र रहेको नेपाल र २०० वर्ष ब्रिटिस इन्डियाले शासन गरेको कारणबाट निसृत प्रवाहले यो जनस्तरको प्रगाढ सम्वन्ध जसरी राज्यस्तरमा सिंचित हुनुपर्ने हो त्यो हुन सकेन ।

यसले गर्दा बल मिचाई गर्न पाउने ठूलो मुलुकको अघोषित अधिकार र सानो मुलुकले त्यसलाई झेल्नुपर्ने र जे जस्तो अवस्थामा पनि ठूलो मुलुकलाई रिझाउनुपर्ने नियतिको रुपमा नेपाल-भारत सम्बन्ध परिभाषित हुँदै आयो । त्यतिबेलाको विश्व शक्ति बनेको ब्रिटिसले अवलम्बन गरेको उपनिवेशवादी परराष्ट्र नीति स्वतन्त्र भारतले परिस्कृत स्वरूपमा अवलम्बन गर्दै आएको कारण नेपाल-भारत सम्वन्धले मजबुत बुनियादी कहिले पनि फेला पार्न सकेको छैन । यो धरातलीय यथार्थता हो ।

चेतनाको लहरले राष्ट्रियतामा भएको व्यापक वृद्धि र फैलिएको प्रविधिलेगर्दा अब अनकन्टार छैन आजको विश्व । प्रविधिले गाउँ बनेको विश्वमा अन्तर्राष्ट्रिय राजनीति र कूटनीति सरल रेखामा पनि हिँड्दैन । अहिले एक ध्रुवीय विश्व भए पनि बहुध्रुवीय क्षेत्रहरू बनेका छन् । हरेक क्षेत्रमा खेलाडीहरू थपिएका छन् । टाढा टाढाबाट खेल सञ्चालन गर्न सकिने भएको छ । यो परिवेशमा सधैं भनिने थेगो सरहको 'दुई देशबीच विद्यमान प्रागाढ सम्बन्धलाई यो भ्रमणले अरू मजबुत पारेको छ' भन्ने कुटनीतक भाषाले सधैं थेग्ने या पर्दाको काम गर्न सक्तैन ।

यस पृष्टभूमिबाट यथार्थलाई अवलोकन गर्दा डा. चौथाइवालेको काठमाण्डौ आगमन यस अघिको ओली सरकारलाई भारतीय संस्थापन पक्षले भरथेग गर्दा गर्दै र टेको लगाउदा पनि जसरी सत्ता परिवर्तन भएर अहिले देउवाको गठबन्धन सरकार बन्यो त्यसको स्थिति विश्लेषण गर्ने रहेको बुझिएको छ । स्मरण रहोस्, भारतले नेपालको संविधान २०७२ रोक्न हरसम्भव उपाय गर्यो ।

हालको परराष्ट्रमन्त्री र तत्कालीन परराष्ट्र सचिव एस जयशंकरलाई नेपाल पठाएर धम्कायो पनि । तर, त्यतिबेलाको नेपालको राजनीतिक ग्रह मिलनले गर्दा संविधान जारी भयो । त्यसपछि नेपाली जनताले भारतीय नाकबन्दी भोग्नु परेको थियो । जनताको भारत प्रतिको यो आक्रोशको बलमा ओली दोस्रोपटक प्रधानमन्त्री हुन सकेका थिए । आँखाको कसिंगर बनेका, अझ चुच्चे नक्सा जारी भएपछिका ओलीलाई, लामो खेल पछि आफ्नो चंगुलमा ल्याएको थियो भारतीय संस्थापनले ।

भारतीय सेना प्रमुख मनोज मुकुन्द नरवणे, परराष्ट्र सचिव हर्ष बर्धन आए । त्यसपछि भारती खुफिया प्रमुख सामन्त गोयल लकडाउनको बेला गोप्यरूपमा कात्तिक ४ गते आएर ओलीसँग मध्यरात वालुवाटर डिल गरेका थिए । त्यस चरणको अन्तमा करिब दुई महिना पछि स्थिति विश्लेषण गर्न डा. विजय चौथाइवाले मंसिर २६, २०७७ मा नेपाल आएका थिए ।

यसै योजनाअन्तर्गत ओलीले दुईतिहाइको बहुमत भत्काउँदै गए । भारतीयलाई नागरिकता बाँडेर सत्ता लम्बाउने खेल सुरु भयो । यसको लागि अध्यादेशीय शासन लागू भयो । दुईपटक संसद् विघटन भयो । यो सब हुँदा नेपालमा जताततै भारतीय 'इन्भिजिएबल ह्यान्ड' अर्थात् अदृष्य हातहरू देखिन थाले । यसको विरोध भारतमा पनि प्रशस्त भयो ।

स्वार्थ परिपूर्तिको लागि गरिएको हस्तक्षेप यसरी सबैले दख्ने गरेर गर्न भएन भन्ने आवाज भारतमा घन्कियो । सर्वोच्च एक्टिभ भयो । पाँच पूर्वप्रधानमन्त्रीहरू राष्ट्रिय मुद्दामा एक ठाउँमा उभिए । यसको असर धेरै ठूलो भयो । एकविरुद्ध अर्कोलाई लगाएर सबैलाई खेलाएर नेपालमा माइक्रोम्यानेज गर्दै आएको भारतको लागि यो ठूलो धक्का भयो ।

एस जयशंकरले संविधान रोक्न नसकेको जस्तै असर भयो, भारतीय संस्थापनको गेमप्लानमा । बाबुरामजीले त्यसै मेसोमा भारतीय पत्रिका 'हिन्दू'मा अर्को एकजनासँग मिलेर लेख लेखे- नेपालमा प्रजातन्त्र संकटमा भन्ने शीर्षकमा । डा. चौथाइवाले आक्रोशित भएर त्यसको जबाफ दिए ट्वीटबाट । त्यतिबेला मैले चौथाइवालेलाई ट्वीटबाट जबाफ दिएको थिए- 'घाम जत्तिकै छर्लङ्ग छ भारतीय संस्थापनले नेपालको राजनीतिलाई माइक्रोम्यानेज गरिरहेको । यही कुरो बाबुरामजीले लेख्दा आक्रोशित हुनुपर्ने किन ? आफ्नो धारणा त लेख्न छुट त सबैलाई छ ।'

यहाँनिर मलाई अर्को अचम्म लागेको छ, ओलीजी, प्रधानमन्त्री हुँदा 'स्क्रिप्ट' अनुसार आफू गइरहेको हुँदा निकै हल्लाखल्ला साथ पररष्ट्रमन्त्री प्रदीप ज्ञवालीलाइ दिल्ली पठाए, मोदीलाई भेट्न । बताइए अनुसार त्यो चिठ्ठी नेपाल भारत विचको सम्वन्धलाई अझ प्रगाढ र मजबुत बनाउनको लागि थियो । तर हाम्रो परराष्ट्रमन्त्रीले मोदीलाई भेट्नसम्म पाएनन् र अपमानित भएर फर्कनु परेको थियो । यो कस्तो 'डिप्लोम्याटिक रेसिप्रोसिटी' हो ।


अहिले भारतीय संस्थापन पार्टीको विभागीय प्रमुख भेट्न हामीकहाँ तछाडमछाड छ । सरकारसँगको सहकार्य हो भने त भारतीय परराष्ट्रमन्त्री आउनुपर्ने होइन र ? यिनले सरकारसँग होइन, नेपाली कांग्रेसको परराष्ट्र कमिटीको प्रमुखसँग भेट्नुपर्ने हो ।

कति खेलाउने प्रगाढ सम्बन्द मजबुत पर्नको लागि भनेर ? नेपाल कहिले कसैको अधिनमा नरहेको र दक्षिण एसियाको पुरानो मुलुक हो । यो योद्धहरूको मद्रलद्रक हो । यो मद्रलद्रकको 'इनडोजेनियस स्ट्रेन्थ' अर्थात् आन्तरिक तागत क्षिण पार्दै नेतृत्व तहलाई निरीह पारेर नथ्थी लगाएर हिँडाउँछद्र भन्ने दादागिरी मानसिकताले दीर्घकालीनरुपमा भारतको कहिले हित गर्दैन ।

भारतको स्वार्थको हिफाजद त्यतिबेला मात्र हुनसक्छ जतिवेला नेपालको राष्ट्रिय स्वार्थ मजबुत हुन्छ । जीरो सम गेमको अवधारणमा जसअन्तर्गत एउटाले जित्न अर्कोले हार्नै पर्दछ । फाइदा लिन शोषण गर्नै पर्ने वा अरुलाई दुःख दिनुपर्ने होइन । सबैको फाइदाको स्तर बढाउन सक्यो भने एकअर्काको हित स्वतः बढ्छ । डा. चौथेवाले वैज्ञानिक पनि हुन् । यो कुरो उनले झन राम्रोसँग बुझ्न सक्छन् । यति इन्चको होइन, फराकिलो छाती जहाँ आफू मात्र होइन अरु पनि अटाउन छाती लिएर सम्बन्धलाई हेरेमा मात्र सम्बन्ध प्रगाढ हुन्छ । न कि रिटोरिक्स । *दृष्टी न्यूज*

# यसरी गर्न सकिन्छ कोभिडविरुद्धको खोप केन्द्र व्यवस्थापन

राजन भुसाल



नेपालमा २०७७ माघ १४ गतेदेखि कोरोना भाइरस विरुद्द खोप कार्यक्रम संचालनमा आएको छ । चार हजार चार सय २२ स्थानबाट लक्षित बर्गलाई खोप वितरण गरिएको छ । त्यसमध्ये एक हजार चार सय ३३ खोप केन्द्र हालै मात्र थप गरिएको हो । कोभिड-१९ महामारीले आक्रान्त पारेको बेला खोप उपलब्धताले आशा पलाएको छ । साथै खोप केन्द्रहरू व्यवस्थित नहुँदा यसबाट पनि रोग फैलने हो कि भन्ने आम जनमानसको चासो बनेको छ । खोप वितरणमा चुस्तदुस्त र संक्रमण रहित बनाउनको लागि तपसिलका उपायहरू प्रयोग गर्न सकिन्छ ।

**१. खोप केन्द्रको विस्तार :**

खोप केन्द्रहरू कम भएको हुँदा एकै ठाउँबाट धेरैलाई सेवा प्रधान गर्दा भिड-भाड देखिएको छ । यसलाई उचित स्रोत साधन र जनशक्तिका साथ विस्तार गर्दा भिड-भाड कम हुनुका साथै राम्रो सेवा दिन सकिन्छ ।

**२. स्थानीय निकाएको उचित प्रयोग**

देश संघीयतामा गएदेखि स्थानीय निकाए टोल विकास समिति, वार्ड तह र पालिका गरि विभिन्न जनप्रतिनिधिको माध्यमबाट जनतामा सूचना प्रवाह गर्न सकिन्छ । जसमाः

- खोपको उपलब्धता
- खोप लगाउने समय
- खोप लगाउने वर्ग
- खोप लगाउने स्थान लगायत अन्य अत्यावस्यक सूचनाहरू

(यसको लागि हामीसंग भएको भोटर लिस्ट, पालिकाका सर्वेक्षण, स्कुलको डाटा, स्वास्थ्य स्वयंसेविकासंग भएका सूचना र विधिन्न बिधिबाट सूचना प्राप्त गरि टेलिफोन तथा लोकल मेडियाको माध्यमबाट जानकारी गराउन सकिन्छ)

**३. माग र आपूर्ति आंकलन**

खोप केन्द्र उचित व्यवस्थापन र वितरणका लागि हामीले खोप वितरण योजना बनाउनु पर्ने हुन्छ । जसमा यदि कुनै ठाउँको लागि एक हजार डोज खोप उपलब्धता छ भने हामीले त्यही अनुसार योजना बनाएर जानु पर्ने हुन्छ । एकमुस्ट रुपमा सम्पूर्णलाई जानकारी दिनु भन्दा त्यहाँको तथ्यांक हेरेर सूचना प्रवाह गर्नपर्ने हुन्छ । जस्तै एउटा वार्डमा तीन हजार जनतालाई खोपको आवश्यकता छ र हामीसँग मात्र एक हजार डोज छ भने वार्डलाई विभिन्न क्लस्टरमा विभाजन गरि (क, ख, ग .... इत्यादी) एक हजारलाई फोन अथवा स्थानीय निकाएको उचित प्रयोग गरि उनीहरूलाई जानकारी दिनु पर्ने हुन्छ । त्यसमा विभिन्न क्लस्टरलाई फरक फरक उपसमुह गराई सम्भावित समय सिमा दिनुपर्छ र सोहि टिममा टिम लिडर तोकी चरण बद्ध्द रुपमा बोलाउनु पर्दछ र क्लस्टर भित्रपनि टोकन प्रणाली लागू गरी भिड -भाड कम गर्नपर्दछ । 'सबै क्लस्टरको संख्या खोप उपलब्धता ,खोप बुथ ,खोप लगाउने जनशक्तिको आधारमा बिभाजन गर्न प्रदछ र नजिकको क्लस्टर लाई बिहानको समय र टाढाको लागि आउन लाग्ने समय जोडी अलि पछिको समय सिमा तोक्दिनु पर्दछ ।'

**४. खोप वितरण गर्ने स्थान**

- खोप लगाउने स्थान फराकिलो र धेरैलाई पायक पर्ने हुनुपर्ने ।
- खोप लगाउने समय, स्थान र खोपको प्रकार बारे सूचना लक्षित बर्गमा पुगेको हुनु पर्ने ।
- खोप स्थलमा अनिवार्य रुपमा मास्क, स्यानिटाइजर र भौतिक दुरी कायम हुनुपर्ने ।
- खोप लगाउन व्यक्तिलाई छिटो, छरितो कार्ड वितरण र दर्ता प्रणाली चुस्त भएको हुनुपर्ने ।
- स्थानीय तहसँग समन्वय गरि कम झन्झटिलो र सरल पहिचानयुक्त प्रणाली लागू गर्न पर्ने हुन्छ जसले गर्दा व्यक्तिले कम भन्दा कम समय खर्च गरि सेवा पाउन सकुन् ।
- खोप लगाएको व्यक्ति सुरक्षित रुपमा सजिलै घर फर्काउन यातायात अथवा अरु साधनको व्यवस्था गराउन क्लस्टरको टिम लिडरलाई जिम्मा दिनु पर्दछ जसले गर्दा त्यहाँ भिड भाड हुनु हुँदैन ।

**५. संघिय, प्रादेशिक र स्थानीय निकायबीच समन्वय**

हामीसँग कुन खोप कति उपलब्ध छ, खोपको प्रकार, लक्षित वर्गको पहिचान र कति खोप पाइपलाइनमा छन् भन्ने सूचना प्रवाह चुस्त रुपमा सम्पूर्ण निकाएमा गर्न सकियो भने हामीले पूर्व योजना बनाई जिल्ला तह, पालिका तहमा म्यापिंग गर्न सक्छौं । जसले गर्दा जनतालाई खोप आउदै छ भनेर सुनिश्चित गर्न सकेको खण्डमा संयम भइ आफ्नो पालो कुरी खोप केन्द्रमा भन-सुन, भिडभाड र हतार गर्ने प्रवृतिबाट छुटकारा पाउन सकिन्छ ।

**६. जनशक्ति व्यवस्थापन र तीव्र वितरण**

हामी सबै अहिले महामारीबाट गुज्रिरहेको बेला जति सक्दो छिटो धेरै मानिसमा खोप वितरण गर्न सक्यौं भने उति नै चाँडो यसबाट जोगिने सम्भावना बढेर जान्छ । पहिलेको जस्तो रुटिन खोप नभएर महामारीबाट जोगिनको लागि भएको हुनाले हालको समय जुन १० देखि ३ (स्थान अनुसार फरक) अथवा बिदाको दिन खोप संचालन नहुने हुँदा हामी जति मानिसमा पुग्ने क्षमता छ त्यहाँ पुग्न सकेको छैनौं । र स्मरण रहोस हामी खोप स्टोर गर्न भन्दा खोप लगाउन कम खर्चिलो र धेरै फाइदा जनक हुन्छ र त्यसको लागिः

- विभिन्न समय सिफ्ट गरि धेरै भन्दा धेरै लाई खोप प्रदान गर्ने
- थप जनशक्ति संचालन गरि सेवा चुस्त दुरुस्त गर्ने
- योजनवद्ध रुपमा जाने

**७. स्वयंसेवक, प्रहरी लगायत विभिन्न स्थानीय क्लबको परिचालन**

भिड नियन्त्रण, भिड व्यवस्थापन, मास्कको प्रयोग, स्यानिटाइजर र भौतिक दुरी कायम गराई अनुशासित रुपमा कार्यक्रम संचालन गर्न स्वयं सेवक, प्रहरी लगायत विभिन्न स्थानीय क्लबको परिचालन गरि सेवा छिटो छरितो र सरल बनाउनु पर्दछ । *स्वास्थ्य खबर*

# बर्दिवास रेल्वे जग्गा विवाद : नयाँ दरमा मुआब्जा माग्दै धर्ना




**अजय साह** / जनकपुरधाम

रेलको लिक र स्टेशनका लागि अधिग्रहण गरिएको जग्गाको मुआब्जामा थोरै भएको भन्दै बर्दिवास नगरपालिकाका स्थानीयले एकीकृत सेवा केन्द्र बर्दिवासमा धर्ना दिएका छन्।

मुआब्जा निर्धारण समितिले तय गरेको मुआब्जा थोरै भएको भन्दै शनिबार सुरु आन्दोलनअन्तर्गत एकीकृत सेवा केन्द्र बर्दिवासमा उनीहरूले धर्ना दिएका हुन्। स्थानीयले समितिबाट निर्धारित मुआब्जा दर खारेज गरी नयाँ दर तय गर्न माग गरेका छन्।

बर्दिवास रेल्वे मुआब्जा पीडित संघर्ष समितिले भदौ ३ गते महोत्तरी जिल्ला प्रशासनबाट निर्धारण गरिएको मुआब्जा न्यायोचित नभएको भन्दै आन्दोलन थालेको हो। संघर्ष समितिका संयोजक राजु खड्काको अगुवाइमा शनिबार जग्गाधनीले विरोधमा कालो झण्डा प्रदर्शन गर्दै आ-आफ्नो जग्गामा झण्डा गाडेका छन् भने मंगलबार सेवा केन्द्रको मूलढोका अगाडि धर्ना दिएका छन्।

मुआब्जा निर्धारण समितिले जयनगर-जनकपुर-बर्दिवास रेलमार्ग र पूर्व-पश्चिम रेलमार्गको समेत साझा स्टेशन रहने बर्दिबास क्षेत्रको ५९ बिघा जग्गाको मुआब्जा दर टुंगो लगाएको थियो। उक्त दररेट बमोजिम मुआब्जा वितरण गर्ने सार्वजनिक सूचना समेत मुआब्जा निर्धारण समितिले शुक्रबार प्रकाशित गरिसकेको छ।

संघर्ष समितिले जग्गालाई ३२ किसिममा विभाजन गरी कट्ठाको ७ लाखदेखि ८० लाख रूपैयाँसम्म मुआब्जा दर निर्धारण गरिएकोमा आपत्ति जनाएको छ। मुआब्जाबापत कट्ठाको २० लाखदेखि १ करोड २० लाख रूपैयाँसम्म पाउनुपर्ने उनीहरूको माग छ।

आफ्ना माग सुनुवाइ नभए चरणबद्ध आन्दोलन गर्ने चेतावनी संघर्ष समितिले दिएको छ। दुवैतर्फ (पूर्व-पश्चिम रेल र बर्दिबास-जनकपुर-जयनगर रेल्वे) को साझा स्टेसन र लिक विस्तारका लागि बर्दिबास-१ र १४ मा ५९ बिघा जग्गा नेपाल रेल्वे कम्पनीले ७ वर्ष पहिले रोक्का गरेको थियो।

मुआब्जा तोक्न ७ वर्ष लगाउने निर्धारण समितिले अहिले जग्गाधनीलाई वास्तै नगरी रातारात हतारमा हचुवाको भरमा निर्णय गरेको बर्दिबास-२ का वडाध्यक्ष अभिराम प्याकुरेलले बताए। यता मुआब्जा निर्धारण समितिले भने मुआब्जा वितरणको प्रक्रिया अघि बढिसकेको जनाएको छ।

मुआब्जा निर्धारण समितिका संयोजक तथा महोत्तरीका प्रमुख जिल्ला अधिकारी (सिडिओ) तीर्थराज भट्टराईले गृह सचिवसमक्ष उजुरी परे पुनर्विचार गर्न भन्ने निर्देशन आएबाहेक भएकै निर्णय कार्यान्वयन भएर रेल्वेको काम अघि बढ्ने बताए।



**बालिका :** विश्व सम्पदामा सूचिकृत पाटन दरबार क्षेत्रमा जीविकोपार्जनका लागि बेलुन बेच्न बसेकी एक बालिका। तस्वीर : चन्द्रकला क्षेत्री,रासस

## निजामति दिवस मनाउन विभिन्न उपसमिति



**टुडे एक्सप्रेस** / काठमाडौं

सरकारले निजामति सेवा दिवस मनाउनका लागि सङ्घ, प्रदेश र स्थानीय तहलाई निर्देशन दिएको छ। यही भदौ २२ गते जनस्वास्थ्यका मापदण्ड लागू गरी दिवस मनाउन सो निर्देश गरिइएको हो।

यसका लागि मुख्य सचिव शंकरदास वैरागीको संयोजकत्वमा मूलसमारोह समिति गठन गरिएको छ। दिवसका अवसरमा रक्तदान, वृक्षरोपण, कविता तथा निबन्धप्रतियोगिता र विभिन्न सञ्चारमाध्यममा दिवस सम्बन्धी विषयमा छलफल गर्ने निर्णय गरिएको प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव तुलसीप्रसाद दाहालले जानकारी दिए।

सोही अवसरमा निजामति कर्मचारीको आधिकारिक ट्रेड युनियन लगायतलाई रचनात्मक कार्यक्रम गर्न समेत अनुरोध गरिएको छ। यसैगरी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिवको संयोजकत्वमा कार्यक्रम संयोजन उपसमिति गठन गरेको उनले बताए। उपसमितिले निजामति सेवा पुरस्कार वितरणदेखि दिवस मूल समारोह कार्यक्रमको व्यवस्थापकीय भूमिका निर्वाह गर्ने छ।

यसैगरी वन तथा वातावरण मन्त्रालयका सचिवको संयोजकत्वमा वृक्षरोपण तथा वातावरण संरक्षण प्रबर्द्धन उपसमिति गठन गरिएको छ। सोही अवसरमा उपसमितिले वृक्षरोपण, वातावरण संरक्षण, प्रवर्द्धन सम्बन्धी कार्यक्रम तर्जुमा तथा वृक्षरोपण गर्ने छ। विसं २०६१ देखि सो दिवस मनाउँन सुरु गरिएको थियो।

## सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन ध्यानाकर्षण

**टुडे एक्सप्रेस** / काठमाडौं

मानव अधिकार तथा शान्ति समाजको प्रतिनिधिमण्डलले कानून, न्याय तथा संसदीय मामिलामन्त्री ज्ञानेन्द्रबहादुर कार्कीसँग भेट गरी सङ्क्रमणकालीन न्याय, मानव अधिकार, शान्ति एवं समसामयिक विषयमा ध्यानाकर्षण गराएको छ।

मन्त्रालयमा आज भएको छलफलमा सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउन, यस सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला, अन्तर्राष्ट्रिय मानव अधिकार एवं मानवीय कानूनको मर्म अनुरुप 'बेपत्ता पारिएका व्यक्तिको छानबिन र सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन' लाई शीघ्र संशोधन गर्न शान्ति समाजले आग्रह गरेको महासचिव रामकृष्ण बरालले राससलाई जानकारी दिए।

रोम विधान अनुमोदन गर्न आग्रह

यसैगरी नेपाल राज्यपक्ष भएका मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि अनुरुप कानून निर्माण तथा परिमार्जन तदारुकताका साथ गर्न समाजले जोड दिँदै अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधानलाई अनुमोदन गर्न आग्रह गरेको छ।

प्रतिनिधिमण्डलमा समाजका सभापति गोविन्द खनाल, सल्लाहकार होमकान्त चौंलागाई, महासचिव बराल, केन्द्रीय सदस्य कृष्णनारायण श्रेष्ठ लगायत संलग्न थिए।




## झापामा खोपमा चरम लापरवाही



**टुडे एक्सप्रेस** / झापा

बिर्तामोडको एक होटलमा भेरोसेल खोपसहित नगरपालिकाका कोभिड फोकल पर्सन ओमबहादुर खड्का फेला परेको घटनाको छानबिन गर्न गठित समितिले होटलमा खोप लुकाउने नियत नदेखिए पनि खोप बुझाउने र बुझ्ने प्रक्रियामा चरम लापरवाही भएको ठहर गरेको छ।

जिल्ला कोभिड खोप व्यवस्थापन केन्द्रले सहायक प्रमुख जिल्ला अधिकारी तिलोचन रिमालको संयोजकत्वमा छानबिन समिति गठन गरेको थियो । समितिले सोमबार प्रतिवेदन सार्वजनिक गर्दै प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनालाई बुझाएको छ । खोपजस्तो मानिसलाई मृत्युको मुखबाट बचाउने संवेदनशील वस्तु होटलजस्तो असम्बन्धित ठाउँमा सरकारी गाडीबाट ढुवानी गरेर पुऱ्याउनु, तत्काल खोपलाई नगरपालिका पुऱ्याउने अवस्था रहँदारहँदै होटलका कर्मचारीलाई जिम्मा लगाउनु र होटलमा खोप बुझेर कोभिड फोकलपर्सन अन्यत्र हिँड्नु अत्यन्त गैरजिम्मेवार र चरम लापरवाही भएको प्रतिवेदनमा उल्लेख छ।

छानबिन समितिका संयोजक रिमालले खोप बुझ्ने स्थल र प्रक्रियामा गम्भीर त्रुटि देखिएको हुँदा खोप बुझाउने र बुझ्ने दुवै पक्षका कर्मचारीलाई आवश्यक कारबाहीका लागि सम्बन्धित निकायमा पत्राचार गर्न राय दिइएको बताए। स्वास्थ्य कार्यालय झापाले गत साउन १५ गते भेरोसेल खोपको १०३ भाइल बिर्तामोड नगरपालिकाको स्वास्थ्य शाखालाई पठाएको तर सो खोप बिर्तामोडका कोभिड फोकलपर्सन खड्काले होटलमै बुझेका थिए । होटलमा खोप लुकाउन खोजेको भनेर विवाद भएपछि छानबिन समिति गठन गरिएको थियो। छानबिन समितिले तीन हप्ता छानबिन गरेर प्रतिवेदन बुझाएको हो।

प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिम्सिनाले प्रतिवेदन बुझ्दै आज हुने कोभिड-१९ व्यवस्थापन केन्द्रको बैठकमा छलफल गरिने र आवश्यक कारबाहीका लागि प्रदेश नं १ को सामाजिक विकास मन्त्रालय र स्वास्थ्य मन्त्रालयमा पठाइने बताए।

## उपत्यकामा राति ८ बजेपछि पनि सवारी सञ्चालन गर्न पाइने



**टुडे एक्सप्रेस** / काठमाण्डौ

जिल्ला प्रशासन कार्यालय काठमाडौंले काठमाडौं उपत्यकामा राति ८.०० बजेपछि सवारीसाधन सञ्चालनमा लगाइएको रोक हटाएको छ।

उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरूको मंगलबार भएको बैठकले निजी तथा सार्वजनिक सवारी साधन सञ्चालनमा यसअघि व्यवस्था गरिएको ८.०० बजेसम्मको समयावधि हटाइएको हो। काठमाडौंका प्रमुख जिल्ला अधिकारी कालीप्रसाद पराजुलीले सवारीसाधन सञ्चालनका लागि यसअघि गरिएको व्यवस्था हटाइएको राससलाई जानकारी दिए। उनले साविक बमोजिमको भदौ १६ गतेसम्म कोभिड-१९ महामारी नियन्त्रणका लागि जारी गरिएको निषेधाज्ञा भने कायमै रहेको बताए।

साउन २८ गतेदेखि भदौ ८ गतेसम्मको निषेधाज्ञाको आदेशमा उपत्यकाका जिल्ला प्रशासन कार्यालयले अत्यावश्यक सेवा, ढुवानीका साधन र उपत्यका प्रवेश गर्ने सवारीसाधन बाहेकका अन्य निजी एवं सार्वजनिक सवारी साधन बेलुका ८.०० बजेभित्र गन्तव्यमा पुगिसक्नु पर्ने उल्लेख थियो।

## अर्घाखाँचीमा निषेधाज्ञा भाद्र १८ गतेसम्म थपियो

**दिपेन्द्र खत्री** / अर्घाखाँची




अर्घाखाँची जिल्लामा जारी निषेधाज्ञा फेरि आगामी भाद्र १८ गते शुक्रबारसम्म थपिएको छ। डिसिसिएमसी अर्घाखाँचीको बैठकले १३ औं पुनः सोमबारदेखि आगामी भाद्र १८ गते शुक्रबार राती १२:०० बजेसम्म निषेधाज्ञा थपेको हो। भने जिल्लामा निषेधाज्ञा खुकुलो बनाइएको छ। अब स्वास्थ्य मापदण्ड पालना गरेर सबै निजी तथा सार्वजनिक यातायात र पसलहरू बिहान ५ बजेदेखि वेलुका ६ बजेसम्म खुल्न दिने भएको छ।

होटल, रेष्टुरेन्टहरूले प्याकेजिङ वा टेक अवे सेवा गर्न पाउनेछन्। यस्तै सुन, भाँडाकुडा, अटो मोबाइल्स, खेलकुद सामग्री, कपडा, जुत्ता, साडी, कस्मेटिक्स, फेन्सी, टेलरिङ, गिफ्ट, विद्युतीय सामग्रीका पसलहरू सबै खोल्न दिने बताइएको छ। यस्तै बैंक तथा वित्तीय संस्थाहरू, खाद्यवस्तु, तरकारी, फलफूल, पानी, दूध तथा दूधजन्य पदार्थ, औषधि र स्वास्थ्य सेवासँग सम्बन्धित पसल र व्यवसाय लगायत खोल्न दिने भएको छ।

यस्तै सभा/गोष्ठी/सम्मेलन, मठमन्दिर, पार्टी प्यालेसलगायत भीडभाडजन्य क्षेत्रमा रहेको निषेधाज्ञालाई कायम राखिने छ। जिल्लामा विद्यालय, क्याम्पस, शैक्षिक संस्थाहरूमा परीक्षाका कार्यक्रमहरू यथावत संचालन भएका छन्।

जिल्लामा कोरोना संक्रमितको संख्या दिनप्रतिदिन घटेको छ। जिल्लामा दोस्रो लहरको कोरोना संक्रमण जोखिम तथा नियन्त्रणका लागि जारी रहेको निषेधाज्ञाका कारण प्रभावित विपन्न मजदुर वर्गलाई दैनिक छाक टार्न मुस्किल भएको छ। गत वैशाख २१ गते मंगलवारदेखि जारी निषेधाज्ञाका कारण जिल्लाको जनजीवन अत्यन्त कष्टकर भएको थियो।

# नयाँ सरकार गठनबारे छलफलमा तालिबानी नेता



**रासस** / सिन्ह्वा

तालिबान समूहले यहाँको शासन सत्ता हातमा लिएपछि नयाँ सरकार गठनका बारेमा छलफल गरिरहेका बताइएको छ। तालिबानका संस्थापकमध्येका एक नेता मुल्लाह अब्दुल गनी बरादर नयाँ सरकार गठनको छलफलका लागि गत शनिबार नै राजधानी काबुल पुगेका बताइएको छ।

अफगानिस्तानका अधिकारीलाई उद्धृत गर्दै यहाँका स्थानीय सञ्चारमाध्यमले तालिबानले नयाँ सरकार गठनका लागि आवश्यक परामर्श थालेका जनाएका छन्। गनी बरादर तालिबानका प्रभावशाली नेताका रूपमा चिनिन्छन्। उनले नै अफगानिस्तानबाट अमेरिकी सेना फिर्ता गर्ने विषयमा यसअघिको शान्ति वार्ताका क्रममा तयार गरेको सम्झौतामा हस्ताक्षर गरेका थिए।

यति बेला विश्व समुदायले नै अफगानिस्तानमा गठन हुने तालिबानको सरकार कस्तो हुन्छ भन्ने बारेमा निकै चासो पूर्णरुपमा हेरेका छन्। उता तालिबानले भने अफगानिस्तानमा समावेशी सरकार गठन गर्ने बताइरहेका छन्। तालिबानहरूको यो भनाइप्रति भने विश्व समुदाय विश्वस्त हुनसकेको छैन। यो वाचा गरेको भए पनि यसबारे धेरैमा आशंका व्यक्त भइ आएको छ। यसैकारणले पनि जतिसक्दो चाँडै सरकार गठन गर्न तालिबान लागि परेका बताइएको छ।

यतिखेर भने तालिबानले अशरफ घानीको पूर्ववर्ती सरकारसँग मिलेर सङ्कटको व्यवस्थापन गरिरहेका बताइएको छ। बरादरबाहेक कट्टरवादी धारका हक्कानी नेटवर्कका नेता खलिल हक्कानी पनि यतिबेला काबद्रलमा छन्। उनको नाम अमेरिका र संयुक्त राष्ट्रसङ्घको फरार आतङ्कवादीको सूचीमा पनि रहेको छ।

अघिल्लो हप्ता अफगानिस्तानलाई तालिबानले कब्जा गरेपछि अफगानिस्तान बाहिरसमेत रहेका उच्च तालिबान नेता स्वदेश फर्किन थालेका छन्। तालिबानका कतिपय नेता कतारमा रहेका बताइएको थियो। उनीहरू पनि अहिले स्वदेश फर्किरहेका छन्। हाल तालिवानका चार संस्थापक नेता रहेका बताइएको छ र तीमध्येका एक जना बरादर रहेका र उनी गत शनिबार पहिला कान्दहार विमानस्थल आएर त्यसपछि काबुल ओर्लिएका बताइएको थियो।

अफगानिस्तानको कान्दहार शहरमा तालिबान धेरै रहेका छन्। तालिबानले कान्दाहारलाई आफ्नो उद्गमस्थल मान्ने गर्दछन्।

# त्रिकोणात्मक सिरिज खेल्न नेपाली क्रिकेट टोली ओमानतर्फ



**टुडे एक्सप्रेस** / काठमाडौं

ओमान र अमेरिकासितको विश्वकप लिग-२ अन्तर्गतको त्रिकोणात्मक क्रिकेट सिरिज खेल्न नेपाली टोली ओमान प्रस्थान गरेको छ। सत्र खेलाडीसहित २२ सदस्यीय टोली केहीबेर अघि त्रिभुवन विमानस्थलबाट सलाम एयरबाट ओमानका लागि उडेको हो।

नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्यसचिव रमेशकुमार सिलवाल, नेपाल क्रिकेट सङ्घ (क्यान)का अध्यक्ष चतुरबहादुर चन्द, क्यानका कोषाध्यक्ष रोशनकुमार सिंहलगायतले बिदाइ गरेका थिए। ज्ञानेन्द्र मल्लको कप्तानीमा गद्रल्शन झा, दीपेन्द्रसिंह ऐरी, कद्रशल भद्रर्तेल, आसिफ शेख, आरिफ शेख, कद्रशल मल्ल, विनोद भण्डारी, करण केसी, सोमपाल कामी, सन्दीप लामिछाने, पवन सर्राफ, अविनाश बोहरा, रोहितकद्रमार पौडेल, सद्रशन भारी, शरद भेषवाकर र विक्रम सोव सिरिज खेल्न ओमान गएको हो।

यस्तै टोलीमा मुख्य प्रशिक्षक डेभ वाटमोर, व्यवस्थापक मोहम्मद दाउद अन्सारी, टेक्निकल एनालिस्ट रमन शिवाकोटी, फिजियो विक्रम न्यौपाने र ट्रेनर राकेश काशिभाइ गोहित रहेका छन्। ओमान सिरिज भदौ २८ देखि असोज ४ गतेसम्म सञ्चालन हद्रनेछ। त्रिकोणात्मक सिरिजमा नेपालले ओमान र अमेरिकासँग दद्रई/दद्रई खेल खेल्नेछ। आइसिसी विश्वकप क्रिकेट लिग-२ अन्तर्गत ओमान र अमेरिकासितको त्रिकोणात्मक एकदिवसीय सिरिजअघि नेपालले यही भदौ २० र २३ गते ओमानमा पपद्रवा न्यूगिनीसित दद्रई एकदिवसीय खेल खेल्ने तय भएको क्यानका अध्यक्ष चन्दले जानकारी दिए।

विश्वकप लिग-२ मा नेपाल रहेको समूहमा पपुवा न्यूगिनी, ओमान, अमेरिका, स्कटल्याण्ड, नामिबिया र युनाइटेड अरब इमिरेटस् (युएई) रहेका छन्। लिग-२ अन्तर्गत नेपालले हालसम्म ओमान र अमेरिकासँग चार खेल खेलिसकेको छ। नेपालले चार खेलमध्ये दुईमा जित तथा दुईमा हार व्यहोर्दै चार अङ्क जोडेको छ। नेपाल आफ्नो समूहको अङ्क तालिकाको छैटौं स्थानमा छ।

यस्तै ओमान १० खेलमध्ये आठमा जित र दुईएमा हार व्यहोर्दै१६ अङ्कसहित शीर्षस्थानमा छ। अमेरिका १२ खेलमा ६ मा जित र ६ मा हारसहित १२ अङ्क जोड्दै दोस्रो स्थानमा छ। स्कटल्याण्ड आठ खेलमा चारमा जित र तीनमा हारका साथ नौ अङ्क जोड्दै तेस्रो स्थानमा छ। स्कटल्याण्डले खेलेको एउटा खेल वर्षाको कारण रद्द भएको थियो। नामिबिया सात खेलमा चारमा जित र तीनमा हार व्यहोर्दै आठ अङ्कसहित चौथो स्थानमा छ।

यसैगरी युएई सात खेलमा तीनमा जित र तीनमा हारका साथ सात अङ्क जोड्दै पाँचौं स्थानमा छ। युएईले खेलेको एउटा खेल रद्द भएको थियो। पपुवा न्यूगिनी हालसम्म खेलेका आठवटै खेलमा पराजित भएको छ। पपुवा न्यूगिनी अङ्कविहीन बन्दै लिग-२ को पुछारमा छ। लिग-२ अन्तर्गत सन् २०२३ सम्म प्रत्येक टोलीले ३६ एकदिवसीय खेल खेल्नेछन्।

लिग-२ का शीर्ष तीन टोली सन् २०२३ मा भारतमा आयोजना हुने एकदिवसिय विश्वकपका लागि ग्लोबल छनोटमा स्थान बनाउने छन् भने पुछारमा रहने चार टोलीले प्लेअफ खेल्ने छन्।

# काबुल विमानस्थल अहिले पनि अस्तव्यस्त, देश छोड्न हजारौं नागरिकको भीड

**रासस** / एएफपी

काबुल विमानस्थल अहिले पनि अव्यवस्थित भीड र भागदौडका कारण अझै पनि अस्तव्यस्त रहेको बताइएको छ। यहाँ गत आइतबार मात्र पनि कम्तीमा सात जना अफगान नागरिकको मृत्यु भएको बेलायती रक्षा मन्त्रालयले जनाएको थियो। यहाँ अफगान र विदेशी नागरिकको ठूलो भीड लागेको छ।

अफगानिस्तानको सत्तामा तालिबान आएपछि एकै पटक हजारौं मानिसले देश छोडेर भाग्ने प्रयास गर्दा विमानस्थल वरपर ठूलो भीड लाग्ने गरेको छ। गएको हप्तादेखि काबुलको अन्तरराष्ट्रिय विमानस्थल निकै अव्यवस्थाबीच चलिरहेको बताइएको छ। गत अगस्त १५ मा तालिबानले सत्ता कब्जामा लिएपछि संयुक्त राज्य अमेरिका र अफगानिस्तानको सहयोगी राष्ट्रले करिब एक हप्तादेखि सञ्चालनमा ल्याएको उद्धार उडानमा जान प्रयास गरिरहेका मानिसको ठूलो संख्याको सामना गर्न सङ्घर्ष गरिरहेका छन्।

काबुल, काबुल विमानस्थल र वरपरको अवस्था अत्यन्तै चुनौतीपूर्ण रहेको भए पनि मानिसले सुरक्षित व्यवस्थापनको माग गरिरहेका छन्।



यहाँको प्रशासनले सक्दो प्रयास गरिरहेको बताए पनि एकै पटक धेरै मानिसले देश छोड्न खोज्दा सम्भव नहुने भएकाले यहाँ अव्यवस्था देखिएको हो।

# राष्ट्रिय खेलकुद : पूर्वाधार निर्माणलाई बजेट

**टुडे एक्सप्रेस** / पोखरा

गण्डकी प्रदेशमा गत वर्षको फागुनमा तय भएको नवौं राष्ट्रिय खेलकुद कोरोना भाइरसको महामारीका कारण आयोजना हुन सकेन। विसं २०७६ वैशाखमा लुम्बिनी प्रदेशमा आठौं राष्ट्रिय खेलकुदको समापनपछि नवौं आयोजनाको जिम्मेवारी गण्डकीले पाएको थियो। अघिल्लो वर्ष कोरोनाले प्रतियोगिता रोकिएकाले यस वर्ष आयोजना गर्ने योजना राष्ट्रिय खेलकुद परिषद् (राखेप)को छ।

प्रतियोगिताको आयोजना कोभिड-१९ को प्रभावमा निर्भर रहने राखेपले जनाएको छ। प्रतियोगिता यसै वर्ष हुने/नहुने यकिन नभए पनि प्रतियोगिता लक्ष्य गरेर खेल पूर्वाधार निर्माणका लागि बजेट विनियोजन गरिएको छ। राष्ट्रिय खेलकुदको मुख्य आयोजनास्थल पोखरा रङ्गशालासहित प्रदेशका अन्य जिल्लामा खेल पूर्वाधार निर्माणका लागि रु १६ करोड ४५ लाख बजेट विनियोजन गरिएको क्षेत्रीय खेलकुद विकास समितिका कार्यालय प्रमुख लक्ष्मण योगीले जानकारी दिए।

कूल विनियोजित बजेटमा पोखरा रङ्गशालामा मात्रै रु १५ करोड छ। पोखरा रङ्गशालाभित्र हिटिङ स्वीमिङ पुल (पौडी पोखरी) का लागि रु छ करोड बजेट यस वर्ष परेको छ। सुटिङका लागि रु दुई करोड विनियोजन गरिएको छ। यसैगरी फुटबल स्टेडियममा 'फ्लड लाइट' जडानका लागि रु पाँच करोड, रङ्गशालामा होभरहेड टयाङ्की रु एक करोड र पोखरा क्रिकेट मैदानका लागि रु एक करोड यस वर्ष राखेपको रातो किताबमा परेको कार्यालय प्रमुख योगीले जानकारी दिए।

"कोरोनाका कारण गत वर्ष सम्पन्न हद्रन नसकेको राष्ट्रिय खेलकद्रद यस वर्ष सम्पन्न गर्ने योजना राखेपको छ", योगीले भने, "सोहीअनुसार खेल पूर्वाधार निर्माणका लागि बजेट विनियोजन भएको छ, छिट्टै बोलपत्र आह्वान भएर कार्यान्वयन गर्छौं।" पोखरा रङ्गशालामा अधिकांश खेलका पूर्वाधार तयारी अवस्थामा रहेकाले पनि प्रतियोगिता आयोजनालाई समस्या नपर्ने बताइन्छ। पौडी पोखरी, सुटिङ र हक्कीबाहेका अन्य खेलका पूर्वाधारको समस्या पोखरामा छैन।

राष्ट्रिय खेलकुदका लागि पूर्वाधार निर्माणमा बजेट अभाव भएमा यसबाहेक पनि थप बजेट प्राप्त हुने योगीको भनाइ छ। नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता मर्मत तथा निर्माण शीर्षकमा रु ५० लाख छुटयाइएको छ। गण्डकी प्रदेशका ११ वटै जिल्लामा कम्तीमा एउटा खेल सञ्चालन गर्ने राखेपले योजना बनाएको छ। पोखरा रङ्गशालाबाहेक अन्यत्र जिल्लास्तरमा आवश्यक पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि यस वर्ष बजेट छुटयाइएको छ।

पर्वत, मनाङ र मुस्ताङमा कभर्डहलका लागि रु १० लाखका दरले बजेट विनियोजन गरिएको छ। स्याङ्जामा खेल पूर्वाधारका लागि रु १० लाख, नवलपरासीको कावासोती रङ्गशालाका लागि रु १० लाख, तनहुँको चिन्नुटार, म्याग्दीको रत्नेचौर, लमजुङको राइनास र गोरखा रङ्गशालाका लागि रु १० लाखका दरले राखेपबाट बजेट विनियोजन भएको क्षेत्रीय खेलकुद विकास समितिले जनाएको छ।

# रुस र दक्षिण कोरियाली आणविक दूतबीच छलफल



**रासस** / सिन्ह्वा

रुस र दक्षिण कोरियाली आणविक दूतका बीचमा कोरियाली प्रायद्वीपका विषयमा छलफल भएको बताइएको छ। दक्षिण कोरियाली विदेश मन्त्रालयले सो विषयमा जानकारी दिएको हो। उक्त मन्त्रालयका अनुसार दुई देशका आणविक दूतका बीचमा कोरियाली प्रायःद्वीपको पछिल्लो गतिविधि र अवस्थाका बारेमा कुराकानी भएको हो।

कोरियाली प्रायःद्वीपका लागि दक्षिण कोरियाली विशेष दूत नो क्यु डुकले रुसी उप विदेशमन्त्री बीच मंगलबार कुराकानी भएको हो। रुसी उप विदेशमन्त्री इगोर मोरगुलोभ ६ दिनको भ्रमणका लागि हिजो दक्षिण कोरिया पुगेका छन्। उनी कोरियाली प्रायद्वीपका लागि रुसी विशेष दूत छन्।

उनीहरूका बीचमा कोरियाली प्रायःद्वीपको पछिल्लो अवस्थाका साथै सो क्षेत्रमा अपनाउनुपर्ने निशस्त्रीकरणका बारेमा पनि आवश्यक छलफल भएको कोरियाली विदेश मन्त्रालयले जानकारी दिएको छ।

# भारतमा दैनिक सङ्क्रमितको सङ्ख्या १५६ दिनपछि सबैभन्दा कम

**रासस** / एएनआई

भारतमा कोरोनाभाइरसबाट दैनिक सङ्क्रमितको सङ्ख्या १५६ दिन पछिकै सबैभन्दा कम भएको छ। सरकारी अधिकारीले दिएको जानकारीअनुसार पछिल्लो एक दिनमा भारतमा २५ हजार ४६७ जना नयाँ सङ्क्रमित थपिएका हुन्।

यसैसँगै भारतमा कुल सङ्क्रमितको संख्या तीन करोड २४ लाख ७४ हजार ७७३ जना पुगेको छ। पछिल्लो केही हप्तादेखि दैनिक सङ्क्रमितको सङ्ख्या ३० हजारदेखि ४० हजारको बीचमा रहँदै आएकोमा अहिले २५ हजारको हाराहारीमा झरेको मङ्गलबार जनाएको छ।

दैनिक सङ्क्रमितको सङ्ख्या कम भएपछि भारतका कोरोनाभाइरसको महामारी नियन्त्रण उन्मुख हुदै गएको भन्दै धेरैले सन्तोष र खुशी व्यक्त गरेका छन्। मन्त्रालयका अनुसार भारतमा पछिल्लो एक दिनमा ३९ हजार ४८६ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्। भारतमा अहिलेसम्म कोरोना मुक्त सङ्ख्या तीन करोड १७ लाख २० हजार ११२ पुगेको सो मन्त्रालयले जनाएको छ।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाको सङ्ख्या भने तीन लाख ३३ हजार ९२४ पद्रगेको अधिकारीले जनाएका छन्। यो सङ्ख्या १५६ दिनपछिकै सबैभन्दा कम भएको पनि मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनद्रसार भारतमा अहिलेसम्म कुल चार लाख ३५ हजार ११० जनाको कोरोनाभाइरसका कारण मृत्यु भएको छ। तीमध्ये पछिल्लो २४ घण्टामा ३५४ जनाको मृत्यु भएको हो।

कोरोना परीक्षण पनि तीव्ररुपमा भइरहेको छ। पछिल्लो एक दिनमा १२ लाख ९५ हजार १६० जनाको परीक्षण गरिएको छ। योसँगै अहिलेसम्म कुल ५० करोड ९३ लाखभन्दा बढीको परीक्षण भएको छ। त्यसैगरी भारतमा अहिलेसम्म कुल ६३ करोड ८५ लाख भन्दा बढी डोज कोरोनाभाइरसविरुद्धको खोप लगाइसकिएको छ।

# सेभिया ला लिगाको शीर्षस्थानमा

**एजेन्सी**

सेभिया स्पेनिस ला लिगाको शीर्षस्थानमा उक्लिएको छ। गेटाफेमाथि १-० को संघर्षपुर्ण जित दर्ता गर्दै सेभिया ला लिगाको शीर्ष स्थानमा उक्लिएको हो।

समान ६ अंक नै रहेपनि सेभियाले साविकको विजेता एट्लेटिको म्याड्रिडलाई गोल अन्तरमा पछि पारेको छ। रियल म्याड्रिड, बार्सिलोना, मलोर्का र भ्यालेन्सियालाई २ अंकले पछि पारेको छ। पराजित गेटाफेले अंकको खाता खोल्न सकेको छैन।

कोलिसिउम अलफन्सो पेरेज स्टेडियम गेटाफेमा सेभियाको महत्वपुर्ण जितमा इरिक लमेलाले इन्ज्युरी समयको थप गरिएको तेस्रो मिनेटमा गोल गरेका थिए। उनी यसै समरमा इंग्लिस क्लब टोटेनहम हटस्परबाट सेभिया आएका हुन्। उनले ला लिगाको सुरुवाती दुई खेलमा लगातार गोल गर्दै आफ्नो गोलसंख्या ३ पुऱ्याएको छ। उनले रायो भालेकानोविरुद्ध २ गोल गरेका थिए।

सेभियाले घरेलु टोलीविरुद्ध बल पोसेसनमा पकड राखेपनि गोलको लागि निकै संघर्ष गर्नंपरेको थियो। दोस्रो हाफको शुरुमै सुसोको स्थानमा मैदान छिरेका लमेलाले गोल गर्दै सेभियालाई महत्वपुर्ण जितसहति ३ अंक दिलाए।



ला लिगाकै अर्को खेलमा ओसासुना र सेल्टा डि भिगोले गोलरहित बराबरी खेल्दै अंक बाँडेका छन्। ओसासुना २ अंक जोडेर १४औं स्थानमा रहँदा १ अंक जोडेको सेल्टा १६औं स्थानमा रहेको छ।

छापावाल सुन प्रति तोला रु.९१,१०१/-
तेजाबी सुन प्रति तोला रु.९०,६००/-
चाँदी प्रति तोला रु.१,१८९/-

# दिगो विकास लक्ष्यमा न्यून प्रगति




**टुडे एक्सप्रेस** / काठमाण्डौ

नेपाल दिगो विकास लक्ष्य प्राप्ति प्रगतिमा सुस्त देखिएको छ। हालै सार्वजनिक गरिएको महालेखापरीक्षकको ५८औँ वार्षिक प्रतिवेदनमा उल्लेख भएअनुसार नेपालले संयुक्त राष्ट्रसङ्घमा पेस गरेका स्वेच्छिक राष्ट्रिय समीक्षा प्रतिवेदन २०२० र दिगो विकास लक्ष्य प्रगति मूल्याङ्कन प्रतिवेदन २०१९ का आधारमा तथ्याङ्क उपलब्ध भएका २१८ सूचकमध्ये अधिकांश सूचकमा निर्धारित लक्ष्य हासिल हुन सकेको छैन।

सरकारले सन् २०१९ सम्मका दैनिक १.२५ अमेरिकी डलर भन्दा कम आयआर्जन गर्ने नेपालीको सङ्ख्या १७ प्रतिशतमा सीमित राख्ने भने पनि त्यो उपलब्धि हासिल हुन सकेको छैन। त्यस्तै प्रतिदिन १.९० अमेरिकी डलर आर्जन गर्ने जनसङ्ख्या २८.५ प्रतिशत झर्ने लक्ष्य लिएको जम्मा १५ प्रतिशत मात्र सम्भव भएको प्रतिवेदनमा उल्लेख छ।

सामाजिक सुरक्षा खर्चको अवस्था भने लक्ष्यको नजिक देखिएको छ। सरकारले उक्त अवधिमा १२.१ प्रतिशत सामाजिक सुरक्षा गर्न गर्ने लक्ष्य राखेकोमा ११.७ प्रतिशत लक्ष्य हासिल गरेको छ। विश्व खाद्य सुरक्षा सूचकाङ्कमा ५७ अङ्क बनाउने लक्ष्य रहेकोमा ४६ अङ्कमा प्राप्त गरेको छ।

मातृ मृत्युदर लक्ष्यभन्दा करिब आधा मात्र घटाउन सकेको छ। सरकारले मातृ मृत्युदर प्रतिएक लाखमा १२५ मा झार्ने भने पनि समीक्षा अवधिमा २३९ रहेको प्रतिवेदनले जनाएको छ। शिक्षातर्फ पनि लक्षित उपलब्धि हासिल भएको देखिएको छैन। कक्षा ५ को गणित, नेपाली र अङ्ग्रेजी विषयको सिकाइ दर ५५, ६६ र ५६ प्रतिशत हासिल गर्ने लक्ष्य राखिएकोमा क्रमशः ३५, ३४ र ४१ प्रतिशत मात्र हासिल गर्न सफल भएको छ। सरकारले प्रतिव्यक्ति सार्वजनिक खर्च १९ हजार रुपियाँ पु-याउने लक्ष्य राखेको भए पनि त्यो १२ हजार रुपियाँमा मात्र सीमित हुन पुगेको छ।त्यस्तै ऊर्जातर्फको लक्ष्य पनि आधामात्र हासिल भएको छ। सरकारले नवीकरणीय ऊर्जामा जलविद्युत् जडित क्षमता दुई हजार ३०१ मेगावाट पु-याउने लक्ष्य राखेकोमा एक हजार २५० मेगावाट पुगेको छ। ऊर्जा खपतमा नवीकरणीय ऊर्जाको हिस्सा २२.१ पु-याउने भनिए पनि पाँच प्रतिशत मात्र पुगेको छ। दैवी प्रकोपमा परी मृत्यु हुनेको सङ्ख्या लक्ष्यभन्दा तीन गुणा नै बढी रहेको प्रतिवेदनले देखाएको छ। यस्तो मृत्युलाई प्रतिलाख ३३१ मा झार्ने लक्ष्य भए पनि समीक्षा अवधिसम्म ९६८ देखिएको छ।

कम तौल भएका पाँच वर्षभन्दा कम उमेरका बालबालिकाको सङ्ख्या २० प्रतिशतमा झार्ने लक्ष्य भए पनि २४ प्रतिशतभन्दा बढी नै रहेको छ। ९० प्रतिशतलाई राष्ट्रिय खोपमा सहभागी गराउने भने पनि जम्मा ४२.६ प्रतिशतमा मात्र सीमित छ। स्वास्थ्य सेवामा पहुँच अभिवृद्धिको लक्ष्य पनि २० प्रतिशत कम नै पाइएको छ। महिला तथा बालबालिका बेचबिखन प्रतिवर्ष ७२५ जनामा झार्ने लक्ष्य भए पनि ९४६ रहेको छ। दिगो विकासका तोकिएका लक्ष्य हासिल गर्न सरकारले वार्षिक २० खर्ब २५ अर्ब रुपियाँ लगानी गर्नपर्ने अनुमान गरिएको छ। महालेखाको प्रतिवेदनले हालको स्रोत परिचालन र विनियोजनको प्रवृत्तिलाई दृष्टिगत गर्दै दिगो विकास लक्ष्यका क्षेत्रहरूमा औसत वार्षिक पाँच खर्ब ८५ अर्ब रुपियाँ अपुग हुने औँल्याएको छ।

नेपालले सन् २०१५ मा विश्वका अन्य १९३ मुलुकसरह सन् २०३० सम्म दिगो विकासका १७ प्रमुख लक्ष्य हासिल गर्ने एजेन्डा अनुमोदन गरेको थियो। आर्थिक, सामाजिक र वातावरणीय आयाम समेटिएका ती लक्ष्यमा नेपालले आफ्नो मुलुकको परिवेशअनुसार १४ वटा विश्वव्यापी लक्ष्यमा १६ वटा लक्ष्य थप गरेको थियो। ती लक्ष्यका १५९ गन्तव्यका लागि २४५ सूचक पनि थप गरेर ४७९ सूचक बनाएको थियो। यी लक्ष्य हासिल गर्ने १५ वर्षको अवधिमध्ये अब नौ वर्ष बाँकी रहेको छ।

बाँकी अवधिमा ती लक्ष्य हासिल गर्न महालेखाले अर्थ मन्त्रालयलाई व्यापक लागत सहभागिता जुटाउन, राजस्वको दायरा विस्तार गरेर थप सङ्कलन गर्न, वैदेशिक सहायताको उच्चतम परिचालन गर्न, सरकारी र निजी क्षेत्रको सहभागिता बढाउन सुझाव दिएको छ।



नयाँ ट्र्याक खोल्दै सेना : मनाङ डिस्याङ गाउपालिका–१ स्थित तलेखु–भ्राताङ भिरमा नयाा ट्र्याक खोल्न तयारी गर्दै सेना। गत असार १ गते आएको बाढीपहिराका कारण उक्त भिर अन्तर्गतको एक मात्र सडक सञ्जाल माथिल्लो र तल्लो मनाङ आवतजावत पूर्ण रुपमा अवरुद्ध छ। तस्वीर : नवीन लामिछाने, रासस

# शुल्क विवादले इञ्जिनीयरिङ सङ्कायको परीक्षा अन्यौलमा

**सञ्चिता घिमिरे** / काठमाडौँ




इञ्जिनीयरिङ कलेजहरूले अनलाइन कक्षा सञ्चालन भएको बेलामा पनि खेलकूदलगायतका अतिरिक्त क्रियाकलापको शुल्क माग गरेपछि उत्पन्न बिबादका कारण परीक्षा अन्यौलमा परेको छ।

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन लिएका १० निजी कलेजमा विद्यार्थीले अनलाइन कक्षा पढिरहँदा प्रशासनले खेलकूद, भ्रमण, प्रयोगशाला, पुस्तकालयलगायत शीर्षकमा शुल्क लिइरहेका छन्। परीक्षाभन्दा पहिले शुल्क सबै तिर्नुपर्ने भए पनि विद्यार्थीले आफूहरू सहभागी नभएका क्रियाकलापमा शुल्क लिन नहुने भन्दै त्यसको विरोध गरेका छन्। कलेजमा धर्ना गरिरहेका विद्यार्थीले यी माग सम्बोधन नहुँदासम्म परीक्षा सञ्चालन गर्न नहुने बताउँदै आएका छन्। स्नातक तहको सबै वर्षको परीक्षा अर्को महिनाको पहिलो साता गर्ने तयारी रहेको छ।

चालू आवमा पनि गत वर्ष भौतिक कक्षा हुँदा जसरी नै शुल्क लिन खोजिएको अखिल नेपाल स्वतन्त्र विद्यार्थी सङ्गठन (अनेरास्ववियू) का सचिवालय सदस्य इन्द्र पौडेलले बताए। उनका अनुसार कलेजमा कोभिडका कारण अतिरिक्त क्रियाकलाप नभए पनि त्यसको शुल्क लिइरहेका छन्। कलेजले औसतमा एक सेमेस्टरको एक लाखसम्म लिने गरेको उनले बताए। उनले भने, "कुनै एउटा शीर्षकको शुल्कमा छुटभन्दा पनि समग्रमा नै विद्यार्थीलाई राहत हुने गरी छुट हुनुपर्छ।"

कोभिडका कारण अभिभावकको आम्दानी कम भएकाले पनि विद्यार्थीसँग बढी शुल्क लिन नहुने पौडेलले बताए। विद्यार्थीसँग बढी शुल्क लिए पनि अनलाइन कक्षा हुँदा कुनै पनि प्रयोगात्मक भएको छैन। इञ्जिनीयरिङ विषय भए पनि प्रयोगात्मक नहुँदा विद्यार्थीले केही सिक्न नसक्ने पौडेलले बताए। उनले भने, "अहिले इञ्जिनीयरिङका विद्यार्थी अरु सङ्कायमा पढे जस्तो भएको छ।"

शुल्क विवाद चाँडो समाधान नभएमा स्नातक तहका सबै वर्षको परीक्षालाई असर गर्ने नेपाल विद्यार्थी सङ्घका नेता भुवन भट्टले बताए। कुनै पनि प्रयोगात्मक नहुँदा एकातिर विद्यार्थीले सिक्न सकेका छैनन् भने कलेजले प्रयोगात्मक क्रियालापहरूको शुल्क लिइरहेका छन्। कलेजले आधा शुल्क घटाउनुपर्ने उनले बताए। उनले भने, "अनलाइन कक्षा हुँदा कलेजको पनि लगानी कम भएकाले विद्यार्थीसँग पनि कम शुल्क लिनुपर्छ।"

शुल्क छुट गर्नुपर्ने माग गर्दै विद्यार्थीले कुनै कलेजमा धर्ना गरिरहेका छन् भने कतै तालाबन्दी गरेका छन्। कुनै कलेजमा सबै विद्यार्थी सङ्गठनले संयुक्त रुपमा त कतै फरक फरक सङ्गठनले फरक कार्यक्रम गरिरहेका छन्। विद्यार्थीले आआफ्नो कलेज र संस्थानको कार्यालयमा आन्दोलन गरिरहेका हुन्। विद्यार्थीले केही साता पहिलेदेखि आन्दोलन गरिरहँदा पटकपटक इञ्जिनीयरिङ अध्ययन संस्थानलाई समन्वयका लागि अनुरोध गरिरहेको छन्। विद्यार्थीले संस्थानले समन्वयमा चासो नदिएको आरोप लगाएका छन् भने संस्थानले कलेजसँग वार्ता भइरहेकाले समाधान निस्कने अपेक्षा गरेको जनाएको छ। संस्थानले फारम भर्ने मिति आजसम्मका लागि तोकेको छ। विद्यार्थीले ११ गतेसम्म अतिरिक्त शुल्क तिरेर फारम भर्न पाउनेछन्।

संस्थानले निजी कलेजलाई शुल्क घटाउन भनेको र कलेज पनि त्यसमा सहमत भएको संस्थानका डिन शशिधरराम जोशीले बताए। कलेजले चाँडो विवाद समाधान गरेर समयमा नै परीक्षा हुने वातावरण बनाउनुपर्ने उनले बताए। उनले भने, "केही विद्यार्थीको आन्दोलनका कारण १९ हजारलाई असर पुग्न दिनुहुँदैन।"

त्रिभुवन विश्वविद्यालयका पाँच आङ्गिक कलेजमा शुल्क समस्या नभए पनि निजी कलेज खुलेदेखि नै शुल्कमा समस्या देखिन थालेको हो। विसं २०५० मा विश्वद्यिालयले निजी कलेजलाई सम्बन्धन दिन थालेको हो। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले केही वर्ष पहिले ती कलेजहरूले अधिकतम कतिसम्म शुल्क लिन पाउँछन् भनी मापदण्ड बनाएको थियो।

सरकारले निर्धारण गरेको मापदण्डभन्दा बढी शुल्क लिँदाबाहेक संस्थानले हस्तक्षेप गर्न नमिल्ने डिन जोशीले बताए। उनले भने, "शिक्षा मन्त्रालयले तोकेको आधारमा शुल्क लिँदा हामीले केही गर्न मिल्दैन।"

# सोलारबाट विद्युत् उत्पादन

**टुडे एक्सप्रेस** / दमौली



तनहुँको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारामा निर्माणाधीन सोलार आयोजनाबाट भदौसम्म विद्युत् उत्पादन हुने भएको छ। भदौ १५ गतेभित्र पाँच मेगावाट विद्युत् उत्पादन गर्ने गरी धमाधम काम भइरहेको आयोजनाले जनाएको छ।

विसं २०७६ साउनमै निर्माण सम्पन्न भइसक्नुपर्ने आयोजना कोरोना कहरका कारण ढिलाइ भएको सोलार फार्म प्रालिका व्यवस्थापक हरिकुमार श्रेष्ठले जानकारी दिए। "सम्झौताअनद्रसार पहिल्यै विद्यद्रत् उत्पादन भइसक्नद्रपर्ने थियो तर कोरोना कहरका कारण काममा ढिलाइ हद्रँदा प्रगति हद्रन सकेन", उनले भने, "अहिले काम लगभग अन्तिम चरणमा पुगिसकेको छ।"

उनका अनुसार अहिले दैनिक ४० बढी कामदारले आयोजनाको काम गरिरहेका छन्। "६० प्रतिशत सोलार पाता हालिसकिएको छ, भदौ १५ गतेभित्र विद्युत् उत्पादन गर्ने लक्ष्यसहित काम तीव्र पारिएको छ", श्रेष्ठले भने। उनका अनुसार केही दिनदेखि परेको वर्षाका कारण पनि काम प्रभावित भएको थियो।

आयोजनामा १३ हजार ४९४ वटा सौर्य प्यानल जडान हुनेछन्। सोलार फार्म प्रालिले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित भानुभक्त क्याम्पसको १०० रोपनी जग्गामा काम गरिरहेको छ। आयोजनामा बेलायतमा बसोबास गर्ने नेपालीले स्थापना गरेको 'नेपाल कर्पोरेटिभ इन्भेष्टमेन्ट समूह'ले लगानी गरेको छ। आयोजना सम्पन्न गर्न रु ६० करोड अनुमान गरिएको छ।

नेपाल विद्युत् प्राधिकरणसँग विसं २०७५ साउनमा विद्युत् खरिद सम्झौता (पिपिए) हुँदा आयोजनाबाट विसं २०७६ साउनदेखि विद्युत् उत्पादन सुरु गर्ने तालिका थियो। सुरुमा प्रसारण सम्झौता हुँदा उत्पादन हुने विद्युत् दमौली सबस्टेशनमा जोडिने भनिएको थियो। अहिले ५०० मिटर दूरीको बेलचौतारा सबस्टेशनमा जोड्ने गरी प्राधिकरणसँग प्रसारण सम्झौता संशोधन गरिएको छ।आयोजना सम्पन्न हुँदा दैनिक ३० हजार युनिट विद्युत् उत्पादन गर्न सकिने कम्पनीले जनाएको छ। आयोजनाले उत्पादन गरेको विद्युत् प्राधिकरणले २५ वर्षसम्म प्रतियुनिट रु ७.३० मा खरिद गर्नेछ। ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले तयार गरेको 'ग्रिड कनेक्टेड सौर्य विद्युत् विकाससम्बन्धी कार्यविधि २०७४' अनुसार प्राधिकरणसँग पिपिए गर्ने यो पहिलो सौर्य विद्युत् आयोजना हो।

# एक सातादेखि इन्टरनेट सेवा अवरुद्ध, बैंकिङ कारोवार ठप्प

**टुडे एक्सप्रेस** / सिमकोट

हुम्लाको दक्षिण भेगमा रहेको अदानचुली गाउँपालिकामा एक हप्तादेखि इन्टरनेट सेवा अवरुद्ध हुँदा यहाँका सेवाग्राहीले सास्ती खेप्नुपरेको छ। छिमेकी जिल्ला मुगुको सोरु गाउँपालिकाको सोरुकोटमा रहेको वर्ल्डलिङ्कको टावरमा खराबी आउँदा अदानचुलीमा हप्ता दिनदेखि इन्टरनेट अवरुद्ध भएको हो। टावरमा खराबी आएर हप्ता दिनदेखि इन्टरनेट सेवा अवरुद्ध हुँदा यस क्षेत्रका बैंक तथा वित्तीय संस्था, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय, गाउँपालिका र प्रत्येक वडा कार्यालयमा काम गर्न थप समस्या बनाएको छ।

वडा नं १ ले लाभग्राहीले पाउने सामाजिक सुरक्षा भत्ता बैंक खातामार्फत कारोवार थाले पनि इन्टरनेट बैंकमा नहुँदा दिनहुँ भत्ता बुझ्न आउने लाभान्वित व्यक्तिलाई भुक्तानी दिन नसकेको ग्लोबल आइएमई बैंकका प्रबन्धक रमेशबहादुर रावलले जानकारी दिए। बैंकमा रहेको भिस्याड सेवाले समेत काम नगर्दा काम गर्न थप समस्या बनाएको उनले गुनासो गरे। भत्ता पाउने लाभग्राहीको रकम उनीहरूको बैंक खातामा जम्मा भएको भए पनि इन्टरनेट नहद्रँदा रित्तो हात फिर्ता हद्रने गरेको र दैनिक नागरिकले सास्ती खेप्नद्रपरेको प्रबन्धक रावलले बताए।

गाउँपालिकामा सञ्चारको माध्यामका रूपमा रहेको ग्रामीण रेडियो श्रीनगरलाई समेत इन्टरनेट नहुँदा समाचार सम्प्रेषणमा थप समस्या बनाएको रेडियोका स्टेशन म्यानेजर कालीबहादुर थापाले बताए। आफूले अन्य राष्ट्रिय सञ्चारमाध्यममा काम गर्ने गरेको भए पनि हप्ता दिनदेखि इन्टरनेट सेवा नहद्रँदा जिल्लामा भएका समाचार सम्प्रेषण गर्न नसकेको बताए।

इन्टरनेटबाट हुने वडाको सम्पूर्ण कामसमेत प्रभावित भएको वडा नं ३ का कम्प्युटर अप्रेटर राजु पार्कीले गुनासो गरे। इन्टरनेट नहद्रँदा इमेल, फ्याक्सबाट हद्रने सम्पूर्ण काम रोकिएको उनले बताए। यस्तै यस क्षेत्रमा रहेका स्वास्थ्य संस्था र सामद्रदायिक विद्यालयमा समेत काम गर्न समस्या बनाएको जानकारी प्राप्त भएको छ। हप्ता दिनदेखि काम गर्न छाडेको वर्ल्डलिङ्क मर्मतका लागि कर्मचारी पठाउन आग्रह गर्दा प्राविधिकको अभाव भएको भन्दै केही दिनपछि मात्रै मर्मतका लागि सोरु पठाउने जानकारी वर्ल्डलिङ्कले दिएको छ। यस्तै जिल्लाको सिमकोट गाउँपालिका-७ चौगनफयामा नमस्ते टेलिफोन सेवाले राम्रोसँग काम नगरेको नागरिकले गुनासो गरेका छन्। जिल्ला बाहिर रहेका आफन्त तथा जिल्लामै एकअर्कासँग टेलिफोनमा कुरा गर्न खोज्दा राम्रोसँग काम नगरेको बताइएको छ।

# दिगो विकास लक्ष्य प्राप्ति गर्न राजनीतिक नेतृत्वलाई ढाँचा बदल्न सुझाव

**टुडे एक्सप्रेस** / काठमाडौँ

राष्ट्रिय योजना आयोगले अहिलेकै तौरतरिका र ढाँचाबाट अघि बढेमा मुलुकको दिगो विकास लक्ष्य प्राप्तिमा कठिनाइ हुने जनाउ दिएको छ।
योजना आयोगका सचिव केवलप्रसाद भण्डारीले दिगो विकास लक्ष्य प्राप्तिमा राजनीतिक नेतृत्वले अहिले अभ्यासमा रहेको काम गर्ने तरिका र ढाँचाबाट अघि बढ्न खोजेमा त्यो सम्भव नहुने सुझाव दिए। दिगो विकास लक्ष्य प्राप्तिमा भएका उपलब्धिबारे संसदीय समितिलाई जानकारी दिदैँ उनले भने, "संवेदनशील र जिम्मेवार भएर काम गर्ने राजनीतिक नेतृत्वका लागि अवधिक निर्वाचनमा सफलताका लागि ठूलो अवसर छ।" संयुक्त राष्ट्रसङ्घले सन् २०१५ सेप्टेम्बरमा २०१६ देखि २०३० सम्ममा विश्वको रुपान्तरण र विकासका हरेक आयाममा कसैलाई पनि पछाडि नछोड्ने प्रतिबद्धताका साथ दिगो विकासका लक्ष्य घोषणा गरेको थियो। उक्त घोषणमा १७ वटा लक्ष्य, १६९ वटा परिमाणात्मक लक्ष्य र २३२ विश्वव्यापी सूचकांक निर्धारण गरिएका छन्। दिगो विकास लक्ष्यमा सामाजिक, आर्थिक र पर्यावरणीय आयाम छन्।

आयोगले भनेको छ, "आफ्नो कार्यकालमा आम नागरिकको दैनिक जीवनमा सकारात्मक परिवर्तन ल्याउन सक्षम राजनीतिक दलको नेतृत्व आवधिक निर्वाचनमा पुन : निर्वाचित भएर आउन सक्ने अनुमान र अध्ययन पनि छ।" राष्ट्रियसभा दिगो विकास तथा सुशासन समितिमा आयोगका उपाध्यक्ष डा विश्वनाथ पौडेलले मुलुकमा सडक पूर्वाधार निर्माणमा राज्यको क्षमता कमजोर रहेकाले राजनीतिक नेतृत्वको दीर्घकालीन सोच, कर्मचारीमा सुझबुझपूर्ण योजना निर्माण, ठेकेदारमा समय सीमाभित्र गुणस्तरीय निर्माण गर्ने प्रणाली विकसित हुन जरुरी रहेको धारणा व्यक्त गरे।

दिगो विकास लक्ष्यको कार्यान्वयनका सबै रणनैतिक योजना र परिचालनका क्रियाकलामा संलग्न सबै संस्था र सङ्गठनमा नवप्रवर्द्धन गर्न सक्ने नेतृत्व र व्यवस्थापन आवश्यक रहेको जनाउँदै आयोगले राजनीतिक नेतृत्वबाट मात्र त्यस्तो काम सम्भव हुने निष्कर्ष निकालेको छ। आयोगले भनेको छ, "राजनैतिक नेतृत्वले आम नागरिकलाई कुनै पनि विषयका लागि एउटा ठाँउमा ल्याउन र रचनात्मक सहभागितालाई प्रोत्साहन गर्न तथा अनिश्चितता र अराजकता हुन नदिन प्रयत्न गर्छ।"

विश्वका सबै राष्ट्रमा सहभागितामूलक, अधिकारमुखी र समतामूलक विकास गरी गरिबी र भोकमरी अत्य गर्ने तथा सबैलाई स्वास्थ्य एवं शिक्षा पुऱ्याउने, लैङ्गिक समानता, सबैका लागि स्वच्छ पानी, सबैमा ऊर्जाको पहुँच, गोजगारी प्रवर्द्धन, आर्थिक वृद्धि, उद्योग, पूर्वाधार विकास र दिगो शहरीकरणजस्ता विषय पनि उक्त लक्ष्यमा समेटिएको छ। बैठकमा समितिका सदस्य वामदेव गौतमले दिगो लक्ष्य प्राप्ति गर्ने सन्दर्भमा राष्ट्रिय सभाले केकस्ता काम र भूमिका निर्वाह गर्न पर्ने हो त्यसका लागि तयार रहेको प्रतिबद्धता जनाए।

अर्का सदस्य दिननाथ शर्माले इच्छाशक्ति, राज्यशक्ति, श्रम र पैसा हुँदा समेत विकास र पूर्वाधार निर्माणमा लक्ष्य नभेटाउनु भनेको राष्ट्रप्रतिको समपर्ण र क्षमताको कमी त होइन भनी जिज्ञासा राखे। उनले भने, "अर्थ र राजनीतिक एक-अर्काका पुरक हुन्, हाम्रा सडकसँग गाउँका उत्पादनलाई जोड्न सक्नुपर्छ, हाम्रो शिक्षा जागिर र विदेश यात्रासगँ सीमित भएकाले उत्पादनसँग जोड्न सकिए, तीन तहका सरकारबीच समन्वयको संयोजन गर्ने कार्यमा राष्ट्रिय योजना आयोगले भूमिका खेलोस्।

सभापति तारादेवी भट्टले दिगो विकासका लक्ष्य प्राप्तिका लागि आयोगले प्रभावकारी अनुगमन र कार्यान्वयनको लेखाजोखा गर्ने मामिलामा प्रभावकारी भूमिका खेल्न सकोस् भने।

# धनुषा समाचार : गाडिएको अवस्थामा ससुरा बुहारीको शव भेटियो, छोराले नै मारेको खुलासा



**टुडे एक्सप्रेस** / जनपुरधाम

धनुषामा एक युवकले आफ्नै बुबा र श्रीमतीको हत्या गरेका छन्। अनैतिक सम्बन्धको आशंकामा मिथिला बिहारी नगरपालिका ५ ललियाका २७ वर्षीय भागेश्वर मण्डलले आफनै बुवा ५५ वर्षीय रामवृक्ष मण्डल र श्रीमती २४ वर्षीया अम्रिकादेवी मण्डलको हत्या गरेका हुन्।

दुबैजनाको शव घर नजिक झाडीमा खाल्डो खनेर गाडेको अवस्थमा फेला परेको हो। एउटै खाल्डोमा ससुरा र बुहारीको शव भेटिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। रातिदेखि बेपत्ता ससुरा र बुहारीको खोजविन भएपछि शव गाडेको शंकास्पद ठाउँ देखिएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। घटना लगतै प्रहरीले भागेश्वरलाई पक्राउ गरी अनुसन्धान गर्दा उनले हत्या गरेर शव गाडेको स्वीकार गरेका थिए। त्यसपछि शव गाडेको ठाउँमा प्रहरीले घेरा हालेर उत्खनन सुरु गरेको थियो। शव निकालेर प्रहरीले घटनास्थलको मुचुल्का गरेर पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जनकपुर लग्ने तयारी गरिरहेको छ। मृतक दुबैजनाको टाउकोमा गहिरो चोट देखिएकाले भाटा प्रहार गरी हत्या गरेको हुन सक्ने प्रहरीको अनुमान छ। सोमबारराति नै हत्या गरेर शव गाडेको शंका छ।

स्थानीयका अनुसार भागेश्वर एकवर्ष अघि वैदेशिक रोजगारीबाट घर फर्केका हुन्। घर फर्केपछि उनले बुबा र श्रीमतीबीच अनैतिक यौन सम्बन्ध रहेको आशंका गर्दै आएका थिए। जसको कारण उनको पत्नीसँग दिनहुँ झगडा हुँदै आएको थियो। सोही आशंकाको आधारमा उनले आफ्ना बुबा र श्रीमतीको हत्या गरेको हुन सक्ने स्थानीयको आशंका छ। भागेश्वर र अम्रिकादेवीका दुई छोराछोरी छन्।

**यसरी थाहा भयो हत्या भएको**

नजिकै रहेको शिवजीको मन्दिरको साँचो रामवृक्ष मण्डलले राख्ने गरेका थिए। विहान साँचो लिन गएका उनकै भाई पर्ने चन्द्रहँस मण्डलले उनको घरमा रगतका छिटाहरू लतपतिएको देखे। त्यसपछि उनेले भागेश्वरलाई बुवाको बारेमा सोधे। त्यसपछि भागेश्वरले भने,-'म घटनाको विषयमा तपाईहरूलाई भन्नेवाला नै थिएँ, मैले नै बुवा र श्रीमती दुबैजनालाई मारिदिए।" भागेश्वरले दुवैजनालाई मारेर घरदेखि करिब ३५ मिटर पूर्वउत्तर रहेको पोखरीको छेउमा गाडेको बताइए। उनले सो स्थानमा रहेको दुर्गा युवा क्लबको पछाडी गाडेको बताए। चन्द्रहंसले गाउँलाई यो कुरा बताएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए।



**सरकारी टोली र राउटे भेट :** सुर्खेतको गुर्वाकोट- १ स्थित राउटे बस्तीमा पुगेको सरकारी टोलीले वृद्ध राउटेसँग भेट गर्ने क्रममा सरकारी प्रतिनिधिमण्डल।
तस्वीरः नारायणी रजौरे, रासस

# घिसिङको नियुक्तिसम्बन्धी तीन दिनभित्र कागजात झिकाउने आदेश

**टुडे एक्सप्रेस** / काठमाण्डौ



सर्वोच्च अदालतले विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक कुलमान घिसिङलाई गरिएको नियुक्तिसम्बन्धी तीन दिनभित्र आवश्यक कागजात झिकाउने आदेश जारी गरेको छ। प्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबराको एकल इजलासले मंगलबार घिसिङविरुद्ध तत्कालीन निर्देशक हितेन्द्रदेव शाक्यले दायर गरेको रिट निवेदनको प्रारम्भिक सुनुवाइपछि उक्त आदेश जारी गरेको हो।

आदेशमा निवेदक शाक्यको २०७७ माघ २६ गतेको मन्त्रिपरिषद्को निर्णय, निजलाई ऊर्जा विशेषज्ञका रूपमा नियुक्ति गर्ने फायल, घिसिङलाई प्राधिकरणको कार्यकारी निर्देशक बनाउने गत साउन २५ गतेको निर्णयका साथै शाक्य र प्राधिकरणबीच भएको सम्झौताको सक्कल फायल तीन दिनभित्र झिकाउन भनिएको छ।

नेपाल विद्युत् प्राधिकरणको कार्यकारी निर्देशकमा घिसिङलाई नियुक्त गर्ने सरकारको निर्णयविरुद्ध शाक्यले गत साउन ३२ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो। मन्त्रिपरिषद् तथा प्रधानमन्त्री कार्यालय, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयलगायतलाई विपक्षी बनाई शाक्यको वारिसका रूपमा प्रेमकुमार काफ्लेले उक्त रिट निवदन दायर गरेका थिए।

रिट निवेदनमा भनिएको छ, 'मेरो सहमति बेगर मलाई जल तथा ऊर्जा आयोगको विज्ञ सदस्य पदमा नियुक्त गर्ने र कुलमान घिसिङलाई मेरो पदाधिकार नटुटेको र कायम रहेको प्राधिकरणको कार्यकारी निर्देशक पदमा नियुक्त गर्ने निर्णयबाट मेरो उक्त पदमा रही काम गर्ने मेरो अधिकारमा आघात पुगेको छ।" रिट निवेदनमा गत साउन २५ गतेको मन्त्रिपरिषद्को निर्णय र सो निर्णयका आधारमा भएका पत्राचार कार्यान्वयन नगर्न आदेश गरी आफूलाई विद्युत् प्राधिकरणको कार्यकारी निर्देशक पदमा काम गर्न दिलाउन अन्तरिम आदेशको माग गरिएको छ।

प्राधिकरणको कार्यकारी निर्देशकमा आफूलाई चार वर्षको नियुक्ति दिएको हुनाले सरकारले हटाउन नसक्ने र आफूलाई अन्यत्र पद सिर्जना गरी नियुक्त गर्न नमिल्ने रिट निवेदनमा उल्लेख छ। गत साउन २७ मा नियुक्तिपत्र बुझ्नेलगत्तै घिसिङले काम सुरु गर्नुभएको छ।

# महोत्तरीमा सडक दुर्घटना : धनुषाका एकको मृत्यु

**टुडे एक्सप्रेस** / जनकपुरधाम

पूर्वपश्चिम राजमार्ग अन्तर्गत महोत्तरीको लक्ष्मीनियाँ वनक्षेत्रमा सडक दुर्घटनामा परी धनुषाका एक जनाको मृत्यु भएको छ। सोमबार राति ज४प २७०० नम्बरको मोटरसाइकलमा सर्लाहीतर्फ जाँदै गरेका धनुषाको मिथिला नगरपालिका-३ का ३३ वर्षीय धनपैत महतोको मृत्यु भएको हो। महतोकै मोटरसाइकलमा पछाडि बसेका सर्लाहीको हरिओन नगरपालिकाको अत्रौलीका १३ वर्षीय नवीन महतो गम्भीर घाइते भएका इलाका प्रहरी कार्यालय बर्दिवासले जनाएको छ।




राति करिब १० बजे महतो चढेको मोटरसाइकललाई पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको ना३ख ८८०० नंको तेल टयाङ्करले ठक्कर दिँदा दुर्घटना भएको प्रहरीले जानकारी दिएको छ। दुर्घटनामा परी घाइते भएका दुवैलाई तत्काल उद्धार गरी बर्दिवास-१४ स्थित शुभस्वस्तिक अस्पताल पुऱ्याइएको र अस्पतालमै चिकित्सकले धनपैतको मृत्यु भएको घोषणा गरेका इप्रका बर्दिवासका प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले बताए। अर्का घाइते नवीनलाई थप उपचारका लागि प्रादेशिक अस्पताल जनकपुरधाम पठाइएको छ।


मृतक महतोको शव परीक्षण गर्न मंगलबार बिहान प्रादेशिक अस्पताल जनकपुरधाम ल्याइएको थियो। तेल टयङ्कर, त्यसका चालक र मोटरसाइकल प्रहरीले नियन्त्रणमा राखेको प्रहरीले जनाएको छ।

# कक्षा १२ को परीक्षा चाँडो सञ्चालन गर्न निर्देशन

**टुडे एक्सप्रेस** / काठमाडौं

प्रतिनिधिसभा, शिक्षा तथा स्वास्थ्य समितिले स्वास्थ्य मापदण्ड र भौतिक दूरी कायम गरी यथाशीघ्र 'होम सेन्टर' मा कक्षा १२ को परीक्षा सञ्चालन गर्न निर्देश गरेको छ।

समितिको आज बसेको बैठकले परीक्षा रोकिँदा बालबालिकामा मानसिक असर गरेकाले खोपको व्यवस्थापन गर्दै परीक्षा गराउन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई निर्देश गरेको छ। समितिले कोभिडका कारण कलेजमा अरु क्रियाकलाप नभएकाले इञ्जिनीयरिङ कलेजले पढाइ शुल्कबाहेक अरु शुल्क नलिने व्यवस्था मिलाउन पनि सरकारलाई निर्देश गरेको छ।



अरु तहका परीक्षा सञ्चालन भइरहेको अवस्थामा १२ कक्षाको मात्रै पटक-पटक स्थगित भएको भन्दै समितिले सरोकार राख्ने निकायका प्रतिनिधि बोलाएर छलफल गर्दै आएको थियो। राष्ट्रिय परीक्षा बोर्डले 'होम सेन्टर' मा नै परीक्षा गराउने तयारी गरे पनि सीसीएमसीको निर्णयका कारण स्थगित भएको थियो।




**प्रधान सम्पादक तथा प्रकाशक** : सितल साह, **कार्यकारी निर्देशक** : रोशन साह, **काठमाडौं उपत्यका कार्यालय** : मनहरा करिडोर, लालितपुर-९, **फोन** : ०१-५१८६६२५, **कार्यालय** : जनकपुरधाम-८, पिडारी चोक, **फोन** : ०४१-५९००९७, **Email** : etodayexpress@gmail.com, जिप्रका धनुषा द.नं. १०८, २०६१/०६२, **मुद्रण** : रोशन अफसेट प्रेस, भक्तपुर